
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत ३८

वर्ष ८, अंक ३/४ | बुद्ध सम्वत् २५६४ | ने.सं. ११४० शिल्ला ४व | वि.सं. २०७७ चैत १५ होली पुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट*

# अर्हत

त्रैमासिक

वर्ष ८ | अङ्क ३ ४ | पूर्णांक ३८ | नेसं ११४० सिल्ला थ्व

शक सं. १९४१ | २०७७ चैत १५ | बुद्ध सं. २५६४

**सल्लाहकार**
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

**सम्पादक / प्रकाशक**
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

**बजार व्यवस्थापन तथा वितरण**
बालमुकुन्द बासुकला

**आवरण फोटो**
बौद्ध दर्शन अध्ययन समाज

**विज्ञापन सङ्कलक**
लक्ष्मीप्रसाद रंजित

**कम्प्युटर**
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन - ६६१९१०७

**मुद्रण**
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।-




## यसभित्र


| | | |
|---|---|---|
| बौद्ध जीवन-चया पद्धति | भिक्षु अश्वघोष | ३ |
| अभय राजकुमार - सूत्र | | ९ |
| बुद्धया जीवनी लिसे... | | ११ |
| यशोधरा - १ | चित्तधर हृदय | १२ |
| इटालीका एक प्रसिद्ध... | रत्नसुन्दर शाक्य | १९ |
| असल शिक्षा भाग ११ पढ्दा | विष्णुगोपाल कुसी | २२ |
| भिक्षु ज्ञानपूर्णिकसँगको... | दीपक भेटवाल | २५ |
| पवित्र पावन लुम्बिनी | कुमारकुमार प्रजापति | ३० |
| चैत्य जिर्णोद्धार सम्पन्न... | सुजन बज्राचार्य | ३२ |
| बौद्ध परियत्ति ... | | ३३ |
| मैत्रेय युवा सङ्घ... | | ३४ |
| कसको निम्ति... | सुजखू | ३५ |

# सम्पादकीय

'भवतु सब्ब मंगल' अथवा सबै कल्याण होओस् । यस कामनाको विषयमा विचार गर्दा बुद्धको समयमा पनि असङ्ख्य मानव जातिको जीवन कष्टमय थियो होला । यदि त्यसबेला मानव जातिलाई कष्ट नभए बुद्धले यो कामना गर्नुहुने थिएन । उदाहरणको लागि रात नपरेको भए बत्तिको खोजी हुँदैनथ्यो ।

विचार गरौं - मानव जातिलाई कष्ट किन र कसरी हुन्छ ? विद्वानहरू भन्ने गर्छन्- ' शासन गर्ने शासकहरू खराव भएमा जनताले दुःख पाउँछन् । अब भनौं - शासकहरू किन खराब हुन्छन् त ? बौद्ध ज्ञानानुसार जसले राग, द्वेष, क्लेस, मोह तथा तृष्णा त्याग्दैनन् तिनीहरूमा खराब विचारको जन्म हुन्छ । खराब विचार भएको शासक तथा व्यक्तिहरूको मनभित्र आफूमात्र खाउँ आफूमात्र लाउँ भन्ने निहित स्वार्थ लुकेको हुन्छ । त्यही स्वार्थले गर्दा शासक वर्गले शोषण गर्न पाउने कानून बनाउँछ । जनतालाई कष्ट दिन्छ । जनताको भलो चाहँदैन, कल्याण चाहँदैन । आजसम्म यसै प्रथाले निरन्तरता पाइरहेको अनुभव बौद्ध दर्शन अध्ययन समाजले पनि गर्दैछ ।

हाम्रो देशको राज्य व्यवस्थामा परिवर्तन आएको तीन दशक नाघि सक्यो । तापनि सुखको अनुभूति जनताले गर्न पाएका छैनन् । जनता कष्टमय जीवन बिताउन बाध्य छन् । त्यसकारण बुद्धले गर्नु भएको कामना अहिले पनि सान्दर्भिक छ ।

२०० वर्ष अगाडि जन्मिएका कार्लमाक्सले पनि एउटा नारा दिनुभयो -'विश्वका मजदुर एक हौं' यस नाराबाट हामी बुझ्छौं त्यसबेला औद्योगिकरण भइसकेका देशहरूका मजदुरहरू असङ्गठित थिए । त्यसकारण पूँजीपति वर्ग तथा शासक वर्गले मजदुरहरूलाई कष्ट दिई आफ्नो स्वार्थ पूरा गरिरहेका थिए । तिनीहरू राग, द्वेष र मोहबाट ग्रष्ट थिए । त्यस कष्टबाट मुक्ति पाउन उनीहरूको एकता अपरिहार्य थियो । त्यसकारण मार्क्सले यो नारा दिनुभयो ।

२५ सय वर्ष अगाडि बुद्धले गर्नु भएको कामना र २०० सय वर्ष अगाडि कार्लमाक्सले दिनु भएको नारा हाम्रो देशको वर्तमान अवस्थाबाट मुक्तिपाउन सान्दर्भिक छैन र ?

पाठक मित्रहरू !


यस वर्षको अर्हत त्रैमासिक पनि कोभिड १९ बाट अछुटो रहन सकेन । पत्रिकाको लागि आवश्यक दौदधूप हुन सकेन । पत्रिका प्रकाशित गर्न ढिला भयो । वर्ष ८ अङ्क ३ र ४ वर्ष ८ पूर्णाङ्क ३८ र ३९ संयुक्ताङ्क प्रकाशित गर्न बाध्य भयौं । हामी क्षमा प्रार्थी छौं । जस्तोसुकै अप्ठ्याराहरू पार गराउन सहयोग गर्नुहुने पाठक मित्रहरू, विज्ञापनदाताहरू तथा सम्पूर्ण सहयोगी मित्रहरू हाम्रा धन्यवादका पात्र हुन् । नयाँ वर्षमा प्रकाशित हुने वर्ष ९ अङ्क १ पूर्णाङ्क ४० को लागि सहयोगको अपेक्षा बौद्ध दर्शन अध्ययन समाज गर्दछ ।

*अस्तु)*

**भवतु सब्ब मङ्गल !**

# बौद्ध जीवन-चर्या पद्धति

## (बौद्ध संस्कार)



✍ भिक्षु अश्वघोष

बौद्ध चर्या पद्धति अथवा बौद्ध संस्कारद्वारा मानव जीवनको स्तर सुसंस्कृत भएर माथि उठ्छ । मानव समाजको अति प्राचीनकालदेखि यस प्रकारको विश्वास चल्दै आएको छ । त्यही कारण हो कि प्राय:श धेरै जसो देश एवं त्यहाँको जातिमा जन्मेदेखि मृत्युपर्यन्त केही न केही संस्कार कर्म प्रचलित रहेका छन् । यी संस्कार जीवनको आवश्यकता एवं अवस्थानुसार हुने भएकोले समाजमा त्यसको ठूलो महत्त्व रहेको हुन्छ । यी संस्कारहरूद्वारा प्रभावित भएर मानिसले कल्याणमार्गको अनुगमन गर्ने हुन्छ । यसले गर्दा मानिसको अहित हुँदैन । केही रुढीवादीहरूको अन्धविश्वास सम्मलित हुन सक्ने हुनाले यस्तो संस्कार कार्यमा विकार र विकृति उत्पन्न हुने गर्दछ र कहिले काहीं यसबाट हितको सट्टा अहित हुन जाने हुन्छ, तर यथार्थत: संस्कार कर्महरूको गुण मानव जीवनलाई सुधार्नु नै भएको देखिन्छ । संस्कार कर्मद्वारा मानव समाजको अहित र कुभलो हुने भाव देखिएमा भने त्यस्तालाई संस्कार नभनी कुसंस्कार भन्नु उचित होला । मानिसलाई त्यस्तो कुसंस्कारबाट बचाउनु र सुसंस्कारलाई उपयोग गर्नु ठूलो महत्त्वको कुरा हुनेछ ।

विभिन्न देशका जन-जीवनका संस्कार अलग-अलग किसिमका हुन्छन् । हावा-पानी, भोजन, धर्म, संस्कृति आदि अवस्थानुसारको संस्कारको प्रभाव जन जीवनमा पर्दछ । यही कारण हो कि देश, जाति हावापानी एवं प्राकृतिक अवस्थाको भिन्नताले एकै धर्मावलम्बी भए पनि तिनीहरूमा अलग संस्कृति र विविध प्रकारका संस्कार विधिहरू चल्ने हुन्छन् ।

हुनत बौद्धधर्ममा धार्मिक रुपमा सिद्धान्तत: संस्कारको लागि कुनै महत्त्वपूर्ण स्थान दिइएको छैन अर्थात् संस्कार कर्महरू गर्न कुनै बाध्यता छैन तैपनि सामाजिक व्यवस्था एवं प्रचलन अनुसार विकल्पको रुपमा थेरवादी बौद्ध देशमा पनि ९ प्रकारका संस्कार विधि प्रचलित छन् नेपाली बौद्धहरूमा पनि परम्परादेखि केही संस्कार चलिआएको देखिन्छ तर यहाँ हिन्दू परम्परा अनुसारका रीतिरिवाज नै चलिरहेको देखिन्छ ।

अत: यहाँ वास्तविक बौद्ध प्रथा अनुसार गरिने संस्कारहरूको परिचय एवं पद्धतिको परिचय दिइन्छ ।

**१. गब्भ मङ्गल (गर्भ मङ्गल)**

गर्भ मङ्गल प्रथा संस्कार हो, जुन गर्भ धारणपछि तीन महीनामा अथवा आफ्नो सुविधा अनुसार गरिन्छ। गर्भ मङ्गल संस्कारको दिन गर्भमा रहेको बालक अथवा बालिकाको कल्याणको लागि आमा हुनेले त्रिशरण सहित पञ्चशील ग्रहण गर्छिन्, बुद्धपूजा गर्छिन्, परित्राण पाठ सुन्छिन् र भिक्षुहरूलाई भोजन प्रदान गरी धर्म उपदेश सुन्ने गर्छिन् ।

**२. नामाकरण**

नामाकरण यस विधिको दोस्रो संस्कार हो जुन शिशुको जन्म भएपछि पाचौं हप्तामा गरिन्छ (यो अनुसार फरक हुन सक्छ)। त्यस दिन आमा चाहिले नुहाएर त्रि-शरण पञ्चशील ग्रहण गरी बच्चालाई आफ्नो काखमा लिएर शान्तिपूर्वक बसेर परित्राण पाठ सुन्ने गर्छिन् र तत्पश्र्चात बच्चाको नामाकरण गरिन्छ ।

**३.अन्नपासन (पास्नी)**

बच्चा जन्मेर ६ महिना पुगेपछि तेस्रो संस्कारको रुपमा अन्नपासन अथवा भात खुवाउने विधि गरिन्छ। कहींकहीं नाउँ राख्ने र पास्नी एकै दिनमा गर्ने चलन पनि पाइन्छ। पास्नी संस्कारको दिनमा आमाले बच्चाको साथै नयाँ लुगा लगाएर त्रिशरण पञ्चशील ग्रहण गरी परित्राण पाठ सुन्ने गर्नुपर्छ। त्यसपछि एउटा कचौरा वा थालिमा क्षीर राखेर भिक्षु वा बौद्ध आचार्यद्वारा "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" वाक्योच्चारणका साथै चंम्चाले उक्त क्षीर बच्चाको मुखमा हाली खुवाउने गरिन्छ। त्यही दिन बच्चालाई बुद्धमूर्तिको अगाडि लगी बुद्धपूजा गर्ने गरिन्छ।

**४. केसकप्पन (चूडाकर्म वा व्रतबन्ध)**

व्रतबन्ध चौथो प्रकारको संस्कार हो। यो बालक जन्मेर तीन वर्षपछि आफ्नो सुविधा अनुसार गरिन्छ। यो संस्कार कुनै बौद्ध विहारमा हुन्छ र बुद्धमूर्ति भएको घरमा पनि गरिने हुन्छ। पहिले भिक्षु वा बौद्ध आचार्य (गुरु) द्वारा छूराले बच्चाको केही कपाल काटिन्छ र त्यसपछि नाउ अथवा भिक्षुले बच्चाको कपाल खौरिदिन्छ। बौद्धहरूमा टुपि राखिदैन। खौरिएको रौंलाई नदीमा सेलाउने अथवा भुइँमा गाडिदिन्छ। मुण्डनपछि त्यस बच्चालाई नुहाएर शुद्ध वस्त्र वा पहैंलो वस्त्र लगाइदिन्छ र उनका माता-पिताले त्रि-शरण पञ्चशील ग्रहण गरी परित्राण पाठ सुन्छन्। आ-आफ्नो श्रद्धा र क्षमता अनुसार दान-प्रदान पनि गर्छन्। अनि पछि भगवान् बुद्धमा पुष्प-धूप आदिद्वारा पूजा गर्छन्।

हाल काठमाडौंमा बर्माको बौद्ध संस्कार अनुसार केटीलाई अनगारिका गुरु आमाहरूको विहारमा लगी कलेजी रङ्गको वस्त्र पहनाई अष्टशील ग्रहण गराई ७ दिनसम्म ऋषिनी बनाई राख्ने चलन रहेको छ। नेपालमा पनि गुफा राख्ने विधिको सट्टा त्यसै प्रकारको ऋषिनी विधि अपनाउने चलन आएको छ।

### ५. विज्जारम्भ (विद्यारम्भ)

विद्यारम्भ पाँचौ संस्कार हो । यो बच्चाको पाँचौ वर्षमा हुन्छ । त्यस दिन बच्चालाई विहारमा लगेर त्रि-शरण सहित पञ्चशील ग्रहण गराए पछि बुद्धपूजा गराइन्छ । तत्पश्चात् भिक्षु अथवा बौद्ध आचार्यले स्लेट वा कापि दिई ठूलोले सहयोग गरी त्यसमा बच्चाकै हातद्वारा बुद्धं सरणं गच्छामि, धम्म सरणं गच्छामि, संघं सरणं गच्छामि अथवा नमो बुद्धाय लेखाइ सुरु गराइन्छ। त्यसपछि बालकलाई सुविधा अनुसारको कुनै विद्यालयमा पठाइ पढ्न लगाइन्छ ।

### ६. विवाह

छैठौं संस्कारको रुपमा विवाह गराइन्छ । यो गृहस्थीहरूका लागि महत्त्वपूर्ण संस्कार हो। यहीँबाट गृहस्थी जीवनको शुरुवात हुन्छ। यस संस्कारमा भिक्षुले अथवा बौद्ध आचार्यले विवाह हुने वर अथवा कन्यालाई त्रि-शरण, पञ्चशील गराइन्छ । तब जय मङ्गल परित्राण पाठ हुन्छ । त्यसपछि पति-पत्नीले पारस्परिक रुपमा पालना गर्नुपर्ने कर्तव्यलाई सम्झाइन्छ ।

#### पतिको कर्तव्य

प्रिय उपासक ! तपाइले सावधान भई सुन्नुहोस् । भगवान् बुद्धले पतिले पत्नीप्रति गर्नुपर्ने पाँच कर्तव्य बताउनु भएको छ -

१) *पत्नीको सम्मान गर्नुपर्छ,*
२) *पत्नीको अपमान गर्नु हुँदैन,*
३) *व्यभिचार गर्नु हुँदैन र विश्वास पात्र बन्नुपर्छ,*
४) *आफ्नो क्षमता अनुसार समय-समयमा धन तथा वस्त्र दिई आफ्नी पत्नीलाई सुन्तुष्ट पार्नुपर्छ,*
५) *आफ्नो पत्नीलाई यथाशक्य आभूषण आदि दिएर प्रसन्न राख्नु राम्रो हुन्छ ।*

#### पत्नीको कर्तव्य

सौभाग्यवती उपासिका ! तपाईले राम्रोसँग ध्यान दिएर सुन्नुहोस्। भगवान् बुद्धले पत्नीद्वारा पतिप्रति पूरा गर्नुपर्ने पाँचवटा कर्तव्य बताउनुभएको छ-

१) पतिको घरको सबै काम राम्रोसँग सभाल्नु पर्छ,
२) आफ्नो परिवारको नोकर-चाकरलाई प्रसन्न राखिराख्नु पर्छ,
३) व्यभिचार रहित भई पतिको विश्वास पात्र बन्नु पर्छ,
४) पतिले कमाएको धन-सम्पत्तिको रक्षा गर्नुपर्छ,
५) घरका सबै काममा चतुरतापूर्ण एवं अल्छी नगरी संलग्न हुनुपर्छ,

त्यसपछि स्थानीय प्रचलित प्रथा अनुसार पति-पत्नीलाई अंगुठी लगाउन दिइन्छ साथै एक आपसमा माला पहिराउन लगाइन्छ । तत्पश्चात् बौद्धाचार्यले महामङ्गल गाथाद्वारा दुबैको हातमा ( धागो) सूत्र दिई पाठ गरी आशीर्वाद दिएर विवाह संस्कार सम्पन्न गराइन्छ ।

### ७. प्रव्रज्या

वर्मा देशको संस्कृति र प्रचलन अनुसार जीवनमा एकपटक सबैले प्रवजित हुनुपर्छ (यस्तो नियम श्रीलंकामा छैन) थाइलैण्ड र क्याम्बोदियामा भने यस्तो प्रथा देखिन्छ । प्रव्रजित

व्यक्तिलाई श्रामणेर भन्छन् । श्रामणेरलाई दशशील (दशवटा नियम) को पालन गराइन्छ । श्रामणेरलाई दीक्षा तीन दिन, पाँच दिन र सात दिनदेखि एक महिना, एक वर्ष अथवा आफ्नो श्रद्धा र इच्छा भएसम्म दिइन्छ । यस दीक्षा ग्रहण गरेपछि विहारमा भिक्षुहरूसँगै बसेर ध्यान भावना एवं बुद्धधर्मको अध्ययनमा समय बिताइन्छ । यो दीक्षा भिक्षुद्वारा नै दिइन्छ । प्रव्रज्या दीक्षा गृहस्थद्वारा दिन सकिदैन । यस प्रकारको दीक्षा जीवनको कुनै पनि अवस्थामा सुविधानुसार ग्रहण गर्न सकिन्छ । यस विषयमा कुरा विनय पिटकमा पूर्ण रुपमा व्याख्या गरिएको पाइन्छ ।

## ८. उपसम्पदा (भिक्षु दीक्षा)

यो दीक्षा श्रामणेरहरूलाई दिइन्छ । यो दीक्षा पाइसकेका मात्र भिक्षु कहलाइन्छ । उपसम्पन्न भिक्षुको लागि पालन गर्न २२७ नियम राखिएका छन् । यो दीक्षा मध्य देश (उत्तर प्रदेश, विहार भारतमा) १० भिक्षुहरूद्वारा तथा अरु प्रदेशमा पाँच भिक्षुहरूद्वारा सम्पन्न हुन्छ । यस उपसम्पदा दीक्षा पाउने श्रामणेर २० वर्षको आयु भएको हुनु अनिवार्य छ । यस दीक्षासम्बन्धी नियम पनि विनय पिटकमा विस्तारपूर्वक दिइएको छ ।

## ९. दाह कम्म (मृत्यु संस्कार)

मृत्यु संस्कार सबैभन्दा अन्तिम संस्कार हो । मानिसको मरण बेलामा उसलाई परित्राण पाठ सुनाइन्छ । त्यस्ता व्यक्ति परित्राण सूत्र सुन्दा-सुन्दै मर्‍यो भने ठूलो शुभ मानिन्छ । (बुद्ध धर्मअनुसार मृत्यु हुनुभन्दा पहिले पुण्य कर्म गर्नु र गराउनु धेरै राम्रो हुन्छ । प्राण त्याग गरेपछि पुण्य गरेको फल उसलाई प्राप्त हुन्छ कि हुँदैन भन्ने कुनै पुष्टि हुँदैन ।

मृतकलाई मशानमा लैजानु अघि सुगन्धित द्रव्य (वस्तु) लगाइन्छ । त्यसपछि भिक्षुलाई बोलाइन्छ । भिक्षुको उपस्थिति नभएमा बौद्ध गृहस्थी उपासकले पनि यो मृत्युसंस्कार कार्य गर्न सक्छ । त्यहाँ उपस्थित सबै व्यक्तिहरूले त्रि-शरण सहित पञ्चशील प्रार्थना गर्दछ र भिक्षुलाई एक टुक्रा सेतो कपडा दान गरिन्छ जसलाई मतक वत्थ (मृतक वस्त्र) भनिन्छ । मतक वत्थ दान दिदा यसरी वाक्य उच्चारण गरिन्छ- “कालकतानं अम्हाकँ ञातीनं पुञ्जत्थाय इमं मतक वत्थं भिक्षु संघस्स देम । (अर्थः- दिवङ्गत भएको हाम्रो ज्ञाति वर्गको पुण्य स्मृतिमा यस मृतक वस्त्र भिक्षु सङ्घलाई दान दिन्छौं ।)

एक जनामात्र भिक्षु भए “भिक्खु संघस्स” नभनिकन “भिक्खुस्स देम” भन्नुपर्छ । मृतक वस्त्र दानपछि मृतकको नातेदारले एउटा पानीको कलश अथवा लोटाले थालमा, कुनै भाँडोमा पानी विस्तारै विस्तारै खन्याउनु पर्छ र त्यसलाई तीन पटक दोहोर्‍याइ पुण्यको रुपमा अर्पण गरिन्छ ।

इदं नो (वो) ञाती न होतु सुखिता होन्तु ञातयो

(अर्थ: यो पुण्य कर्म हाम्रो (तिम्रो ज्ञातिको लागि होस्, हाम्रो ज्ञाति वर्ग सुखी होउन् ।

यसपछि भिक्षुहरू यस गाथालाई पाठ गर्नु हुन्छ तथा मरणसम्बन्धी उपदेश दिनु हुँदै संसारको अनित्य र अस्थिरताबारे प्रकाश पार्नुहुन्छ ।

अनिच्चा वत संखारा उप्पाद्र वय धम्मिनो ।

उपज्जित्वा निरुझन्ति तेसं वूपसमो सुखो ॥

(अर्थ: सबै संस्कार (उत्पन्न वस्तु) अनित्य छन्, उत्पन्न र नष्ट हुनु उसको स्वभाव हो। उत्पन्न भएर शान्त हुन्छन्। उसको सबै प्रकारले शान्त हुनु परम सुख हो।)

त्यसपछि मृतकलाई श्मशानमा लगेर बनाएको चिता (चिहान) मा राखी तीन पटक चिहान प्रदक्षिणा (परिक्रमा) गरेर केही सुगन्धित धूपको साथै चिहानमा आगो राखिन्छ।

परम्पराअनुसार मृत्युपछि सातौँ-दशौँ वा बाह्रौँ दिनमा दिवङ्गतको पुण्यतिथिमा भिक्षुहरूलाई भोजन दान गरिन्छ। अरु गृहस्थी र भिखारीहरूलाई पनि भोजन गराइन्छ।

बुद्ध धर्मअनुसार दिवङ्गतको पुण्यस्मृतिमा धर्मसम्बन्धी पुस्तक प्रकाशित गरि धर्मदान गर्नु सर्बभन्दा राम्रो श्राद्ध र पुण्यकार्य हो भनिन्छ।

## शील परिच्छेद

बौद्ध चरित्रअनुसार कुनै पनि बौद्धले कुनै पनि पुण्यकार्यको शुभारम्भमा पञ्चशील ग्रहण गरि पवित्र हुनु आवश्यक छ र त्यस्तै गर्ने चलन छ। यस्ता कुरा पालन गर्न सके सुन माथि सुगन्ध जस्तै हुन्छ।

शीलको शाब्दिक अर्थ सदाचार हो। पञ्चशील, अष्टशील र प्रवज्याशील आदि यिनका अनेक भेद छन्। बौद्ध गृहस्थीको कर्तव्य हो कि नित्य पञ्चशील पालन गर्नमा ध्यान दिनु र अष्टमी, औंसी एवं पूर्णिमाका दिनहरूमा अष्टशील पालन गरुन्। यो प्रब्रज्याशील भिक्षु हुनेहरूको लागि हो।

यसरी पञ्चशील ग्रहण गर्नुभन्दा पूर्व भगवान् बुद्धलाई वन्दना (नमस्कार) गरेर त्रि-शरण ग्रहण गर्ने गर्दछन्।

कुनै व्यक्ति अवौद्ध नै भए पनि त्यो बौद्ध दीक्षा गर्न इच्छुक छ भने उसले कुनै भिक्षुबाट त्रि-शरणका साथ पञ्चशील शिक्षा धारण गर्नुपर्छ अथवा बुद्धमूर्ति अगाडि ग्रहण गरे पनि हुन्छ। त्रि-शरण सहित पञ्चशील ग्रहण गर्ने विधि यस प्रकार छ :-

नमोतस्स भगवतो अरहतो सम्मा सुम्बुद्धस्स (तीन पटक उच्चारण गर्ने)

(अर्थ: उनी भगवान् अरहत सम्यक् सम्बुद्धलाई नमस्कार छ।)

बुद्धं सरणं गच्छामि- म बुद्धको शरणमा जान्छु,
धम्मं सरणं गच्छामि- धर्मको शरणमा जान्छु,
संघं सरणं गच्छामि- संघको शरणमा जान्छु,
दुतियम्पि बुद्धं सरणं गच्छामि- दोस्रोपल्ट बुद्धको शरणमा जान्छु,
दुतियम्पि धम्मं सरणं गच्छामि- दोस्रोपल्ट धर्मको शरणमा जान्छु,
दुतियम्पि संघं सरणं गच्छामि- दोस्रोपल्ट शरणमा जान्छु,
ततियम्पि बुद्धं सरणं गच्छामि- तेस्रोपल्ट बुद्धको शरणमा जान्छु,
ततियम्पि धम्मं सरणं गच्छामि- तेस्रोपल्ट धर्मको शरणमा जान्छु,
ततियम्पि संघं सरणं गच्छामि- तेस्रोपल्ट संघको शरणमा जान्छु,

## पञ्चशील

१) पाणाति पाता वेरमणी सिक्खापदं समादियामि

२) अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि

३) कामेसुमिच्छाचारा वेरमणी सिक्खापदं समादियामि

४) मुसावादा वेरमणी सिक्खापदं समादियामि

५) सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि

### अर्थ

१) प्राणी हिंसाबाट बच्ने शिक्षा ग्रहण गर्छु ।

२) चोरी नगर्ने शिक्षा ग्रहण गर्छु ।

३) पचकामसम्बन्धी भ्रष्टाचार नगर्ने शिक्षा ग्रहण गर्छु ।

अर्थात् व्यभिचार नगर्ने शिक्षा ग्रहण गर्छु ।

४) झुट्ठा कुरा नगर्ने शिक्षा ग्रहण गर्छु ।

५) रक्सी आदि मादक पदार्थ सेवन नगर्ने शिक्षा ग्रहण गर्छु ।

### आफैले शील ग्रहण गर्ने नियम

यदि शील प्रदान गर्ने अथवा प्रार्थना गराउने भिक्षु उपस्थित भएन भने आफ्नो इच्छानुसार कुनै निर्जन स्थानमा वा बुद्ध प्रतिमा भएको ठाउँमा गई वन्दना गरीकन “नमो तस्स भगवतो अरहतो सम्म सम्बुद्धस्स” देखि त्रि-शरण सहित पञ्चशील ग्रहण गर्ने । कसैलाई पालि श्लोक आउँदैन भने उसले यसरी प्रार्थना वा प्रतीज्ञा गरे पनि हुन्छ ।

“आज मैले सर्वज्ञ भगवान् बुद्धको आज्ञा अनुसार पञ्चशील पालन गर्छु ।“ यति भनी प्रतीज्ञा गरिदिएमा शील ग्रहणको काम पूरा हुनेछ ।

◆

**यही आउँदो नयाँ वर्ष २०७८**

को उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**फाइन अफसेट प्रेस**

टुमचो, भक्तपुर-९, (मालपोट कार्यालय पछाडि)
मो.नं. ९८५१०६३२७५, फोन नं.६६१४४८३
Email: fop.bkt@gmail.com

डिजिटल प्रिन्ट, स्क्रिन प्रिन्ट, फ्लेक्स प्रिन्ट, भित्तेपात्रोलगायत प्रेससम्बन्धी सम्पूर्ण कामका लागि हामीलाई सम्झनुहोस् ।

**यही आउँदो नयाँ वर्ष २०७८**

को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, शिक्षिका, विद्यार्थी एवम् शुभचिन्तकहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**श्री गणेश माध्यमिक विद्यालय**

भार्वाचो-१, भक्तपुर, फोन नं. ६६१५९१२
मो.नं. ९८४१९८७६७४

यस विद्यालयमा Play Grou र नर्सरी तयारी कक्षामा नयाँ भर्ना खुल्यो सीट सीमित छ।

# अभय राजकुमार-सूत्र

(लाभदायक अप्रिय खँ नं ल्हायेमा)

थथे जिं न्यनागु दु । छगू समये भगवान् बुद्ध राजगृहे बेलुवनया कलन्दक निवाषे बिज्याना च्वंगु ख: ।

अबले अभय राजकुमार गन निगंठनाथ पुत्र दु अन वन । वना अभिवादन याना छखे लिक्क फेतुत । छखे लिक्क फेतुना च्वंम्ह अभय राजकुमारयात निगंठनाथ पुत्रं धाल-

"ए, राजकुमार ! छं श्रमण गौतमया दोष क्यना वनाप शास्त्रार्थ याना वा । थुकिं छंगु भिंगु नां फैले ज्वी कि 'अभय राजकुमार अपाय न्हंम्ह श्रमण गौतमनाप संवाद (शास्त्रार्थ) याना वल ।' "

थ्व खँ न्यना भचा ग्या: पह पिकया- "भन्ते ! अपाय न्हंम्ह, प्रभावशालिम्ह श्रमण गौतमनाप जि गुकथं शास्त्रार्थ या: वनेगु ? "

"राजकुमार ! ग्याय् म्वा ! जिं छंत श्रमण गौतमनाप वाद यायेगु ढंग स्यना बिइ । छं श्रमण गौतम याथाय् वना थथे- 'छु भन्ते ! छपिसं करपिनिगु नुग:ले स्याइगु खँ ल्हाना बिज्याना ला ?'

'ख: अथे खँ ल्हाना' धा: सा छं वयात थथे धा- 'अथे ख:सा साधारण गृहस्थी व छपि छु मपात । साधारण मनुतसें नं अथे खँ ल्हा: ।'

यदि छं न्यंगु प्रश्नयात श्रमण गौतमं 'अथे सुयातं नुग:ले स्याइगु खँ मल्हाना:' धाल धा:सा अले छं धा- अथे ख:सा भन्ते ! छपिसं देवदत्तया बारे भविष्यवाणी याना बिज्यासे धया बिज्यात देवदत्त दुर्गति वनीम्ह ख:, देवदत्त नरकवनीम्ह ख:, देवदत्तया लागि नरक मवनीगु वास: मदु, व कल्पभर नर्के च्वनी । छपिनिगु थ्व वचनं देवदत्तं साब नुगले स्याकल ।' राजकुमार ! थथे छं निखे च्या:गु प्रश्न न्यनी बले श्रमण गौतमं ल्ह्वेनं फई मखु नुना नं छोये फै मखु । गथेकि सुयाँ कथ्वी (नया बल्छि) बेथां थाना च्वंगु कं ल्ह्वेनं मछिं नुना छ्वे नं मछिं ज्वी । अथे हे गौतमया नं ज्वी बाँलाक दोषं मुक्त जुया लिस: बिइ फइ मखु ।"

थुकथं निगंठनाथ पुत्रयाके शास्त्रार्थ खँ स्यना काये धुंका: अभय राजकुमार आसनं दना थ: गुरुयात नमस्कार याना गौतम बुद्धयाथाय् वन । वना बुद्धयात प्रणाम याना छखे लिक्क फेतुत । फेतुना च्वंम्ह अभय राजकुमारं निभा: स्वया मती तल थौं गौतम बुद्धनाप छल्फल यायेगु ई मखु । कन्हे थ:गु छ्यूँ हे बुद्ध बिज्याका छलफल याये का । अथे मती तया: बिन्ति यात- "भन्ते ! कन्हे जिथाय् छयेँ छपिं प्रमुखं प्यम्ह मेपिं भिक्षुपिं भोजनया निमन्त्रणा स्वीकार याना बिज्याहुँ ।"

भगवान् बुद्ध नमवासे स्वीकार याना बिज्यात । अले अभय राजकुमार बुद्धया स्वीकृति कया नमस्कार याना छें वन । कन्हे सुथे भगवान बुद्ध चीवर पुना: पात्र ज्वना: अभय राजकुमारया छ्यूँ बिज्याना लाया त:गु आसने फेतुना बिज्यात । अभय राजकुमारं भगवान् बुद्धयात थ:गु ल्हातिं हे उत्तमगु भोजन याके धुंका छगू चिकिधंगु आसन कया फेतुत । छखे लिक्क फेतुना अभय राजकुमारं भगवान् बुद्धयाके न्यन-

"छु भन्ते ! छपिसं कर्पिनि मयोगु व नुग:ले स्याइगु खँ ल्हाना बिज्या:ला ?"

"राजकुमार ! थुगु बारे जिं निश्चय याना अपवाद मदेक धाये मफु ।" (अर्थात् जि थुगु अपवादं बचे मजू ।)

"भन्ते ! एसा निगंठ नाश जुल, फुत"

"राजकुमार ! छाय् निगंठ नाश जुल, फुत धया च्वनागु ?"

"भन्ते ! जि निगंठनाथ पुत्रयाथाय् वनाबले जिमि गुरु निगंठनाथ पुत्रं खँ स्यना ह:थे छपिंनाप शास्त्रार्थ याना निखे च्यागू प्रश्न न्यनेबले श्रमण गौतमं लिस: बिइ फइ मखु, नुना नं छोये फै मखु, व प्रश्नं छपिं वाथावाथा कनी धा:गु ख: । छपिसं जवाफ बिया बिज्यागु निगंठनाथ पुत्रं मती त:थें मजुल ।"

अबले अभय राजकुमारया मुलय् साब चिकिधिक:म्ह मचा छम्ह फेतुना च्वन, गुम्ह कि छुं मस्युनिम्ह । अले भगवान् बुद्धं राजकुमारयाक्य न्यन- "राजकुमार ! छुं जुया नौकरानिया बेहोश लाना वा छुं कारणवश आम मचाया कथ्वी कथी वा छुं मेगु थात धासा अले छं छु यायेगु ले ?"

"भन्ते ! जिंला देपा ल्हातं छ्यों ज्वना, ज:गु ल्हातं पतिंचा चा: त्वीका हि वयेक हे लिकया बिइ ।"

"अथे छाय् यायेगु ?"

"भन्ते ! जि मचायाप्रति दया दु, माया वं । अथे मयासा मचाया भ्रं शास्ति ज्वी ।"

१. हे राजकुमार ! तथागतं मजूगु, असत्य, ज्याय्खेले मदुगु मेपिनि नं मयोसा अज्यागु खँ ल्हाना बिज्याइ मखु ।

२. जुइ धुंकुगु, सत्यगु, ज्याय्खेले मदुगु, कपिंनि नं मयोगु जूसा अज्यागु खँ ल्हाना बिज्याइ मखु ।

३. जुइ धुंकुगु, ख:गु मेपिन्त ज्याय् खेलेदुगु जूसा मेपिनि मयोसानं अज्यागु खँ ल्हाये मा:गु अवस्था वसपोलं स्यू । अवस्था स्वया खँ ल्हाना बिज्याइ ।

४. मजूगु, मखुगु, ज्याय्खेलेमदुगु, मेपिनि योगु जूसां अज्यागु खँ ल्हाना: बिमज्या: ।

५. जूगु, ख:गु, ज्याय्खेले मदुगु जूसा मेपिनि योसा नं अज्यागु खँ बुद्धं ल्हाना बिज्याइ मखु ।

६. जूगु, सत्यगु, मेपिनि नं योगु, ज्याय्खेले दुगु जूसा अन्यागु खँ कना बिज्या: । अवस्था स्वया खँ ल्हाना बिज्याइ ।

राजकुमार थथे छाय्धा:सा सत्व प्राणिपिनि उपरे न्ह्याबलें करुणा व दया दुगलिं ख: ।"

"भन्ते ! छलपोलयाथाय् नाना प्रकारया विद्वान्पिं जुजुपिं, पिण्डत ब्राम्ह्मणत आदि वया प्रश्न न्यं वइ । थन्या थन्यागु प्रश्न न्यंवल धा:सा जिं थन्यागु उत्तर बिई धका न्हापांतु विचा: याना: तया बिज्यायेगु ला ? कि तुरन्त हे छल्पोलया प्रज्ञा ज्ञानं ध्व प्रश्नया उत्तर लुया वइगु ? "

"राजकुमार ! थुगुबारे छंके छगू खँ न्यने, थ:म्हं थूथें थ:त योथें लिस: ब्यु ।"

राजकुमार गाडी (रथ) या अंग प्रत्यंगया बारे छंके ज्ञान दु मखुला ?"

"ख भन्ते ! जिके गाडीया बारे बाँलाक ज्ञान दु । रथया ज्वलं थुगु थुगु धका फुक्कं स्यु ।"

"अथे जूसा राजकुमार ! सुना नं छंके न्यनी कि ध्व रथया ज्वलं छु छु धका: । अबले छु ले न्हापा हे विचा: याना च्वनेगु ला थुगु थुगु प्रश्न न्यं वल धा:सा थथे बिइ धका तुरन्त हे प्रश्नया जवाफ बिइगु ?"

"भन्ते ! जिला रथया मालिक ख:, रथया सारथि धासां ज्यू । अकिं रथया ज्वलं फुकं थुगु थुगु धका जिं बाँलाक स्यु । उकिं जिके न्यंगू प्रश्नया उत्तर तुरन्ता तुरन्त अनसं बिइगु ।"

"अथे हे राजकुमार ! जि नं अवस्था स्वया क्षत्रिय, ब्राह्मण, विद्वान् वर्ग जिथाय् वया प्रश्न न्यंवल धा:सा अबले हे उत्तर बिया च्वना । अथे याये फुगुया कारण जिं धर्म बाँलाक थ्वीका क्यागु दु ।"

"भन्ते ! जिं छपिनि धर्म बाँलाक थुल, आश्चर्य भन्ते, अदुभुत भन्ते छपिनिगु धर्म ज्ञान व उपदेश शैली । जि साब लय् ताया । जित थनिंनिसें बुद्ध, धर्म व संघया शरण वयाम्ह समभे जुया बिज्याहुँ ।"

*मज्झिम निकाय (२, १, ८)*

*अनुवादिका- धम्मवती 'धम्माचरिय'*

◆

# बुद्धया जीवनी लिसे परिचित व्यक्तिपिं

१) भिक्षु कौडण्य - बुद्धया न्हापांम्ह शिष्य

२) भिक्षु सारिपुत्र व मौद्गल्यायन-बुद्धया अग्रश्रावकपिं।

३) भिक्षु आनन्द - बुद्धयात २५ दँ तक (बुद्ध ५५ दँ दुबले परिनिर्वाण तक) सेवा याना बिज्याम्ह।

४) भिक्षु महाकाश्यप - बुद्धलिसे चीवर हिलाबुला या:म्ह धुतङ्गधारी भिक्षु।

५) राहुल कुमार - बुद्धयाके अंशभाग फ्वंम्ह पुत्र।

६) भिक्षु वक्कलि - बुद्धया अति बाँलागु ख्वाजक सोयेगु इच्छां भिक्षु जूम्ह। बुद्धया ख्वा:जक स्वया ज्ञान लाभ मयाम्ह।

७) भिक्षु तिष्य : ध्व बिरामी भिक्षुयात भगवान् बुद्ध स्वयं थम्हं स्वास्थ्य सेवा याना बिज्यागु।

८) भिक्षु देवदत्त - बुद्धयात स्वक: तक स्यायेत सोम्ह भिक्षु।

९) भिक्षु सुभद - बुद्धया अन्तिम शिष्य।

१०) भिक्षुणी उत्पलवर्णा व भिक्षुणी खेमा-बुद्धया अग्रश्राविकपिं।

११) जीवक बैद्य : बुद्धयात दकले न्हापां चीवर दान या:म्ह राज बैद्य।

१२) सुजाता - बुद्धं बुद्धत्व प्राप्तयाये न्ह्यव: भोजन दान ब्यूम्ह। सेनानी गांया मयेजु। थुगु भोजन याना बोधि बृक्षया क्वय् बुद्धत्व लाभ याना बिज्यागु जुल।

१३) नकुल माता व नकुल पिता - भगवान् बुद्धयात "काय्" धका सम्बोधन या: पिं निम्ह तिपू।

१४) चुन्द नकर्मी पुत्र - बुद्ध परिनिर्वाण जुई न्ह्यव: अन्तिम भोजन दान ब्यूम्ह दाता।

१५) चिंचा परिव्राजका - बुद्धयात बदनाम याय्त दक्कोसिया न्ह्योने थ:त: बुद्धया कला धका घोषणा या:म्ह मिसा।

१६) सुन्दरी माण विक्त - तिर्थकरतय्सं बदनाम याम्ह मिसाया हत्या याना थुकिया दोष बुद्धयात आरोप लगे या:गु।

१७) मागंदीय ब्राम्हण - बुद्धयात थ: जिजाभाजु दयेकेगु इँच्छां थ: म्ह्याय् ब्यूव:म्ह ब्राम्हण।

१८) उत्तर माणविका - बुद्धया शरीर ३२ ता लक्षण दु मदु जाँच याय्त न्हेलातक बुद्धया ल्यू ल्यू जूम्ह ब्राम्हण।

१९) रज्जुमाला - थ: मालिक्नीनं कष्ट ब्यूगु सहयाय् मफया आत्म हत्या याय्त सोबले बुद्धं उपदेश बिया थुम्ह मिसायात बचे या:गु।

२०) यशकुमारया बौ - बुद्धया उपदेश न्यना श्रोतापति जूम्ह न्हापांम्ह उपासक।

२१) कुरघरकी काली - बुद्धया उपदेश न्यना श्रोतापति जुम्ह न्हापांम्ह उपासिका।

२२) तपस्सु वभल्लुक - बुद्धयात दकले न्हापां भोजन दानयापिं उपासकपिं

२३) आम्रपाली - आर्यपुत्रपिं यदि बैशाली जनपट छगूलिं हे जित बी धासा नं जिं बुद्धयात बीगु भोजनदान तोते फैमखु धका लिच्छवी राजकुमारपिंत लिस: ब्यूम्ह छम्ह गणिका ख:।

◆

# यशोधरा - १

✍ चित्तधर हृदय

नित्यया थें थौं सुथे नं स्व:बले गोपां दना:
प्राण प्याहाँ वंगु तन थें कान्तिहीन क्वथा खना:
विविध शंका मनस दा: थें "फूंक" वं भसुका: तल,
सकभनं वं वाष्प फुति फुति दुगु मिखा चा:हीकल ।
म्हिग म्हिग: थें थौं प्रभाती हा:गु वं छुं छुं मता:,
चित्र नं धाय् मफु सखीपिं वं खना अमि अचलता,
प्राय: पौभा: मुसु कया: च्वनि स:म्ह पुंया निपुणतां
अमिक्य ला मदु अङ्गचालन, हास्यरेखा नं छुतां !
न्हयोन्यसं छम्ह निम्ह दना: च्वन लूगु गा ल्वीकं तया:,
न्हकु तिया: च्वन अन गुलिं मद्दिक लुखाय् हे जक स्वया: ।
बच्छि च्याना: सीगु मणिया त्वा: ध्वग च्वन कोदला:,
छख्य लुँया ताहाँफया क्वे रत्नया सुन्दर ख्वला ।
वें लुया: च्वन पुष्पमाला चब्बुना: त:त क्यना:,
च्वन गुलिं चिच्चा दना: नं मेगु स्वांत सुखूचिना: ।
चीकु मदु थुगु फुक सुनानं गन दु अन हे तुं च्वना:
व्याकुलापिनि हृदयया विमनस्कता जक च्वन क्यना: ।

नभ समान विशाल श्रीगर्भे नवीना सुन्दरी
यक्व थीसां नगुत थें सौन्दर्य-तेजं जिगिजिगि
चन्द्र मदया: बुलुगु आमैया निशा थें वं खन-
प्राणपतिया रत्नमय पल्यङ्क रिक्त जुया: अन ।
वगु मन खुलुखुलु मिना: वल "थन छुज्या जुल दैवया !
हाय आर्य अवश्य छुं जुल" धैगु आशंकां कया: ।
प्रेमया ज्या याय्गु ख: प्रियया अमङ्गल कल्पना,
थ:गु न्हयोन्य मदय्व भ्रं ज्वी विरहया कटु वेदना ।
वैगु ख्वाले भाव-रेखा मन-पुखूया भङ्ग थें
ब्वात उख्य थुख्य, नयनया कुं जाल पीजा कंगु थें ।
धाय्त स्वत वं "गन बिज्यात कुमार जीवनवान्धव !"
किन्तु ग:प: त:पु जक जुल वाक्य प्याहाँ छुं मव: ।
हिक्क वं हिकु हिकु लना: "हा नाथ स्वामी" थुलि धया:
भ्वाक्क भोसुत तुंग फुंगे दीर्घतां भसुका: तया: ।
शब्द ताय्व सतर्क जुल दुर्देवया ग्योपिं सरा:,
लिक्क थ्यंक: वन हथासं बोध याय्त मनोहरा ।
घयपुना: म्हे पित्तु पीका: धाल "छिम्ह जीवन सखा: !"
गन बिज्याय् फै प्रेमसूत्रं सात्तु साला: है मखा: !"
सान्त्वना-पवनं कया: विरहाग्नि ब्वाला का:वन,
हिकु हिकु व भसुका: यात वं परिदेवन-

"छुं स्यूला गन आर्य बिज्या:गु हाय जित: वाना: ?
थौं जिगु अंग जवगु जक मद्दिक तुत थर थर याना:,
बाय् मालिगु जुल ला निम्ह धात्थें दुर्भाग्यं याना ।
गय् च्वन्य जिं थुगु विरह-मि धाना: वै भ्रंभ्रं च्याना" (जाति १६ मात्रा)
थुलि धया: हिकु हिकु लना: वं उम्ह सखीया ल्हा: ज्वन,
छुं लिस: मखना: सखीं ख्वालं सँ जक चीका: च्वन ।
वैत मेपिं दक्व पासापिं वया: हय् हय् भुन,
छुं समय जाय्का: लिपा व मनोहरां स्यूगु खँ कन-
"सुथस उख्य क्वथां जि न्हापां दना:
छिगु थुगु गृहया लुखा चा: खना:

हतपत थन ब्वां वया: स्व: वया:
चवन प्रभु मदया: क्वथा हे ख्वया: ।
सुरु सुरु जि उकीं चुके ब्वां वना:
सिल थुलि खँ व द्वारपालं कना:-
'चवन हँ भवनद्वार चूं चूं दना:
नृपसुत, सल, सारथी नं तना:
गन दु अमित पतिं माय्क्यत
छूवत हँ सल बिया: उकीं दूतत,
सुरपुर व रसातले हे थजु
प्रिय तनय अवश्य ल्वीकै जुजु" (प्रभा)

"हाय ग्यानापुक उकीं हे थौं जि म्हंगु खनी सखि !
प्राणनाथ मदय्क नं चमबूगु छाय् जीवन-चिखि !
मयूल आ: म्वाय् मयूल" धा धां थ: नुग:पाय् दाल वं
वां छ्वया: छ्यौं यागु तिलहिल, सँफुल वं प्वाँय् प्वाँय् खवं ।
शोकया खुसिबा: वया फुक चेतना च्वीक: यन:,
स्वच्छ सुन्दर मृदुल लासाय् तुं व थस्स: पा: वन ।
हल हथासं कनक कलशे सुमनसार थना थना: ।
वैगु छ्यौंया केश प्याकल उगु नस्वा:गु लखं लुना ।
अन गुलिं पासापिसं च्वामो व पंखां गाय्कल,
वा थिना: न्हाय्प्वा: तिना: त्वंकल बलं शीतल जल ।
अमिगु परिचर्या मिखा कन हंस ल्याहाँ व:गु थें,
किन्तु गोपां न:गु मखु छुं अन्न वहला: च्वंगु थें ।
उख्यर च्याँय् च्याँय् ख्वल व गौतमपुत्र बालक राहुल,
ब्वां वना: तुतुमां छम्हय्स्यां शीघ्र वैत बुया: हल ।
पुत्रयात कया: छको वं घय्पुना: हृदये तल,
ख्वा: स्व स्वं छु मने लुया: मस्यु हाकनं सुकु सुकु ख्वल ।
वैत ह्येकल छम्ह सखीं अन "देवि ! आपा ख्वे मज्यू,
स्वास्थ्य स्यनि वातं कया: छु अन्न नय् अति योग्य जू,
ख्वा: स्वया: छिं मन तया: दिसँ पुत्रयात दया तया:"
वैत धाल यशोधरां थुगु करुण: वाक्य ख्वया: ख्वया:
"छा: ज्वी ध्व मचा धात्थें हे
मां बौ बाय्मा:गु उकीं हे,
दुरु ल:या सम पति जाया
पाउँ जुया: ध्वं बिल फाया: ।
हा ! ध्व मचा प्वाथे दुबले
न्यनि वसपोलं "छु यो प्रिये ?"
इच्छा जुल जिगु चा नय्गु,
वंशलोचन हया: बीगु ।
हाय सुनां आ: याइ बिचा:
गुलि दुर्भागी हा ध्व मचा !
दुर्मति नियति मला: ताले
छु च्वया: हल मस्यु ध्व कपाले !" (जाति १४ मात्रा)
पित्तु पिल काय्या कपाले म्हतुसि ज्वीका: कंपन
थुगुकथं चांन्हि ख्वख्वं हाहां फुना: वन छुं दिन ।
हल अज्याथाय् छम्ह सखीं सन्देश सम्भ्रम पूर्वक-
"वल हँ राजकुमारया अति योम्ह पासा छंदक"
प्रथम 'राजकुमार' ताया: "हैं !" धका गोपा न्हिल,
किन्तु लिपते सारथी जक व:गु सीका: झं ख्वल ।
'राम' नां दुगु रत्नया अंगू ज्वना: थ: हस्तस
व:गु थें हनुमान् दशाननया अशोक उझानस

फुक ज्वना युवराजया मणि मुकुट तिलहिल रत्नया
वल व छन्दक शाक्यरानीयागु न्हयोन्य ख्वया : ख्वया: ।
वैत खन्यवं शोकया उद्वेग झं निदुगं जुल,
ज्वीगु प्रियया वस्तु जक खं सां वियोगं व्याकुल
हृदयया ज्या, वं छुयाइगु ! अश्रु बा: वयक्यगु सिवाय् !
थ:म्ह स्वामीयागु विषये वैत मन्त वधाय् ध्व धाय् ।
धाल न्हयचिला: वैगु मनया भाव स्यूम्ह मनोहरां

"भद्र ! राजकुमार छि नापं क्वथाय् तःवै सदां,
थौं छि याकः चा छुखें, प्रभुयात गन वानाः वया ?"
वैगु थुगु कटु वचन-बाणं धैर्य चब्बुत सूतया।
"हा ! अभागी कर्म !" धा धां वं छको भसुकाः तल,
फेत्तुनाः तीजक तिसाया पो फ्यनाः फुक पोंकल।
बिन्ति यानाः ल्हाः निपा वं अश्रु वेकाः धरधर
ग्याःगुलिं जुजुया भयं तन कम्प ज्वीकाः थरथर
क्वच्छुनाः खाखातुकाः अत्यन्त हृदय विदारक
वाक्य गय् खः अय् निवेदन यात साहस पूर्वक-

"उखुनु ! उखुनु हा ! ख्यूँगु चान्हे जितः
जिगु ध्व हृदय हे ज्वीक हा कम्पित
'सलहिँ सलहिँ' आज्ञा कुमारं जुयाः
सुरुक सल हया, दासया ज्या छुयाय् !" (क्षमा)

उचित अनुचितया विचाः फुत बिरहया अतिरेकतां
छ्यौं ल्हवनाः भसुकाः तयाः थुलि धाल वैत यशोधरां-
"जन्मकाः छिं छन्त लहिनाः तःगुया पल्यसा ध्वला ?"
धाल लिचिला, छंदकं स्तम्भित जुयाः छपलाः पलाः-
"थन्यत गुलि ध्व भ्याःक्वे जि हालाः जुया,
घरर घन रबं वा न्हयलं तोपुया
प्रभुजु पन्यत सुं हे मवः हा दनाः
अल्यजि सल ज्वनाः नाथ ल्यूल्यू वना।
सुथस थ्यन अनोमा नदी-तीरस,
जननि ! अन थ्यनाः थः थमं आगसँ
विविध रतनया ब्याक्क आभूषण
मृदुल मृदुल कौशेय आच्छादन
सल व मुकुट खद्गादि ज्वंकाः जितः
हल जि लित व्छयाः, अश्व लँ हे सित।
जि फुत थन महाराज तं म्वेकल,
दनि जि छि छम्ह आधार आः केवल।

अधम अनुगया दोष ला घोर खः,
सरल हृदय माता ! क्षमा या फुक,
कन्यत गुगु प्रभुं जूगु आज्ञा जितः
फुक खँ दिसँ न्यनाः सार धाय् आः छितः
हृदय-जलधिया ब्याक्क हे प्रेम-लः
तृषित जग-फिब्बे स्नेह-मेघं हूल,
बुखँ ध्व जननि ! काषाय ती धुंकल,
दिसँ समय हनाः ख्वाः स्वयाः राहुल।" (क्षमा)
जःगु चुपि सम मर्मभेदी सः कनाः उम्ह छंदक
लिचिल भति भति ल्यंगु ल्यंकंतुं तया मेगु खँ फुक।
कःगु थें पां बृक्ष मूले देह खाकाः थरथर
हाय गोपां वेदनां दय्कल करुणरसया सर-
"यमपुर तक सावित्री लिनाः भाःत नाप,
रघुकुलमणि नापं जानकीं शीत ताप
सकल सहन यानाः दण्डकारण्य थ्यंक
'पति पति' जप यानाः वंगु थें गंक गंक
यदि बनस जितः नं यंगुसा नाथ नापं
बन उपवन भाःपा चाःहिलाः ज्वीगु नापं
सरस फलत खाना हय् ध्वयाः स्वां नस्वाःगु
प्रभु मुसुमुसु न्हीकाः जिं छमाः नं क्वखायुगु,
तनय जक बुयाः जिं हाय्क्य प्राणेशयात-
'गुलि जक प्रिय गोपे ! याःगु छं पक्षपात !'
जुल ध्व खँ फुक धात्थें स्वप्नया भ्रान्ति मात्र
विधिवश निम्ह मांकाय् जूगु सो दुःख पात्र।

उख्य थुख्य प्रभुनापं ज्वी दुपिं वन्य प्राणी
खग, मृग पशु हे नं गाक्क हे भाग्यमानी।
अन दुगु फुक शाखी धन्य शाखाय् सि सःगु,
ससुमन गुँखि धात्थें धन्य बैं थ्यंक लूगु,
च्वन्य दुगु प्रिय स्वामीया करं चित्तु चीकाः

सुख गुलि तृणया नं नित्य हे न्हुत्तु न्हवीका: ।
लख यचुगु पुखूया स्वच्छ पाषाणातय्‌गु
स्तुति गुलि जक याय्‌ वस्पोल मोल्हवीत दीगु ।
कलकल खुसियागू न्हयाःगु लः भाग्यशाली
अन बनस कुमारं छीबले दुंगु पालि ।
बरु बन-पथया धू जूगुसा नाथयागु
उगु चरण चुपानय्‌ दैगु अत्यन्त योगु ।
सखि ! प्रियपद सेवा याय्‌ मदय्‌काः छु म्वायगु !
जिल जिल बरु हाहा शीघ्र हे मृत्यु ज्वीगु ।
जुइ फुक हि व ला क्वँ देवया ध्यान-हेतु
सुख अनुभव याय्‌ दै स्पर्शया प्राणतन्तुं ।" (मालिनी)
शोक संतापं व गोपाया जुयाः मन चंचल
वाफसं मह्हिक कयाः तःमा सिमा थें कोदल ।
हाय विधवां 'पूर्व जन्मे नाप लाय्‌ दै प्रिय' धका
ल्यंगु थः जीवन हनाः च्वनि मदु व आशा नं थुका ।

पति व पत्नी नाप च्वन्य दै मखुत गबलें हे निम्ह
शाक्यरत्न कुमार गौतमयागु जन्म थ्व अन्तिम ।
रामगिरि-आश्रमस पितिनाः तम्हस्या प्रिय सहचरी
झिंनिला जीवन हनाः च्वन घौ निनाः अलकापुरी,
किन्तु थुलि उलि अवधि मदु छुं नाप लाइगु प्रिय पति
सहन जक नं याइ गय्‌ मदुस्यंलि आशा छुं भति ।
वैगु सेवा याय्‌त सकलें सेविकापिं तत्पर
ज्वीव छन्दक सारथी वँन अमित तोताः सत्पर ।
शाक्यरानी ख्वेकु ख्वेकुं शरद ॠतुरानी न्हिल,
हा ! ख्व ख्वं वर्षा-जिथिं कुतु वंगु चपला-तिलहिल
थःगु ल्यंगु भुयूसँ थाथा यात "गोपा ! ख्वे गुलि !"
विरह-ताप व अश्रु-जल नं हृदय-मेघे फूगुलिं ।
ख्वेगु तोताः स्वःबले भयालं छको व यशोधरां
प्रमदबन खन गन वया पति नाप क्रीडा ज्वी सदां ।

प्रिय कुमार अवश्य अन हे दैगु वैगु मनं खनाः
शीघ्र थः परिचारिकापिं फुक ब्वनाः क्वाहाँ वँनाः
उगु उभाने न्यंक उख्य थुख्य मात्तु माःजुल सकभनं,
शरदया शोभा सिबाय्‌ छुं मेगु वस्तु मलू गनं ।
सर्प थें नितु नीगु मार्गे छफुति खन्य मदु धू गनं
सुचुक बँथिलाः न्यंक तः थाये्‌ पंक गनदै हाकनं !

गंगु म्हासुगु हः छहः मदु, तरु लता फुक वाउँगु
शरदरानीं धाःगु दोंगां ज्वीव प्रकृति न्येकुगु ।
थःम्ह प्रिय वेक्यत व नभ-पथ तःगु ज्वी सुचुकाः फुक
न्यंक वाग्वौं यागु लासा लाःगु ला मस्यु म्हासुक ।
सिन्धु लोमंकाः शशीं विश्राम ताउत थन थया
धाःगु थें वा मा धिकंघी संगु सो वायुं कयाः ।
माः जुजुं खन वं अज्याःथाय्‌ कौं सिमाय्‌ हुसुलुं छगू,
गय्‌ थमं प्रिययात प्वीक्यगु अय्‌ समीरं प्वीकुगु ।
चूम्ह स्वामी ज्वी धका वं ब्वां वनाः अन स्वः वनं
थःगु हुसुलुं चूगु खन लाकांसिँ नाप भविष्य नं ।
"हा !" धका वं स्वःबले च्वे "प्रिय मिलनया जीवन
क्षणिक जक खः" धैगु चानाः वःगु भुतिमालें कन ।
धन्य आशासूत्र चमबू तदपि गोपाया मनं
भ्याम्ब च्वंगु लतानिकुञ्जे वँन व मामां हाकनं ।
न्हूगु लुँतिस्योस्वां ध्वयाः बांलाब वं त्वास्वां हनाः
बी धका पति स्वःबले खन न्हूगु त्वास्वां वा क्यनाः ।
दच्छि दच्छि पुलांगु लुमनाः वल वया स्मृति फुकु फुकु-
"थन च्वनाः नाथं जितः सपले छुकुगु स्वां चम्पक"
"देवि ! थन खः" धाःगु थें अन शब्द वेकाः मर्मर
वल बसुमती न्यंक हायाः पालिजा स्वां सुन्दर ।
वँन अनं नं चाःहयु हयूं निर्मल पुखूया सत्तिक
गन दु सम्मुख लः दुसां प्याय्‌चाःम्ह फोगिंग चातक
च्वनि म्हिताः लःहें व ब.हें कमलनाल ननं गन,

न्या पियाः च्वनि गन लिबाःसां धैर्य पूर्वक वक गण,
चक्रवाक व चक्रवाकी लोमनाः बाय् मानिगु
गन च्वनाः पा कुत्त क्वीका प्रेम क्रीडा याइगु ।
अमिगु कलरब ताःगुलिं पुखुली वनाः वं स्वः बले
नाप मखनाः भाःतया प्रतिविम्ब न्हापा थें जले
वं लिफःस्वत ल्यूँन्य केवल खन सखीपिं हे जक
लुमन "निम्ह ल्हाः गथि चिनाः अन स्वेगु" व पुलांस्मृति फुक्क ।
हंस हाः थें छिलिक हाय्काः कनकनूपुर, हंसक
थःगु तुतिया लिक्क वेकाः यक्व जलचरशावक
शीघ्र झयातुगु छुं कु दिकु थें दुरुल्वहँःया त्वाथले
भ्वाक्क फेतुत थःगु बापा पालि दुंकाः अन जले ।
पतिवियोग-फसं कयाः छुं जूगु भति भति कंपन
उगु अलः दुगु पालि हयाउँगु हवःगु पल्यस्वां थें च्वन ।
वैगु दीन दशा खनाः अन चःहिलाः शोकं नुगः
न्हयोन्यसं कुति वःगु हयाउँक घाः ब्वयाः धाले छ्गः
खन्यव उकिया अर्थ गोपाया मनं थुल विपरित-
"दुःखिनी अवला खनाः ध्वं याःगु खःध्व गिजय् जितः"
धाल प्रकटे- "न्हयोन्य तय्मत्य यंकि वांछे हुंकन"
मेगु खन वं शरदरानीं याःगु प्रिय आराधन-
निकट दूरे तःसि, ल्यभु, संत्रासि, झमसि व चाकुसि,
न्हिसि आदि सि सःगु भारं वृक्षया जँ लुयाः धुसि
बच्छि फल खन्यदय्क म्हासुक पत्रया गां तोपुयाः
नेत्र सम वं पत्र ब्वेकाः पूर्वपाख्य स्वयाः स्वयाः ।
क्वच्छुनाः स्वतः थःगु म्हे वं ल्यंगु रुप व यौवन,
प्राणनाथं धाःगु लुमनाः छम्ह सखीया ल्हाः ज्वन-
"छन्हु सखि ! ध्व उभ्राने चाः हयुं हयूं नाप नापं
थन ध्यन्यव कुमारं धाल-'गोपे ! छ श्रापं
जक थुगु नरयोनी जन्म जूवःगु पृथ्वी
अमर नगरया सुं देवकन्या छ खः ज्वी ।'
लुमन लुमन स्वामीं हाःगु संत्रासि काःगु
उखुनु जिगु न्यताःया लिक्क यंकाः खँ ल्हाःगु-
'भति भति जक खः ध्वं छंगु सौन्दर्य खूगु
गुलि ययिपुगु अय्नं सों प्रिये ! वर्ण ध्वैगु'
'हिसि मदु जि मयो बा छाय् थपाय्चो हिस्याय्गु !'
जिगु थुगु वचनं झं नाथ अत्यन्त न्हयूगु ।
गुगु झमसि क्यनाः प्राणेश्वरं वाःगु बाक्य
लुमन्यव जुइ वीँ थें मय्ल छुं हे लुमंक्य ।

जुल ध्व सर स्वस्वं आज्ञा जितः आर्यपुत्रं
जिगु हृदय चिनाः प्येपुंक हे प्रेम-सूत्रं-
'चिकुगु मखुनि आः तांनोगु नं मन्त भ्याः हे
यचुल खुसि, पुखू, तुं देवि ! छं चित्त थें हे'
प्रिय सखि ! खनि सन्ध्याय् थः मचातय्गु मायां
बिमल गगन मार्गे यक्व झंगःत ब्वां ब्वां
सुमधुर रब यानाः थः स्वले वंगु दृश्य,
'वन्यनु गृहस भीन' धाइ नाथं अवश्य" (मालिनी)
थुलि धयाः वं गाच्वतं ख्वबि हुल छको झसुकाः तयाः,
वँन अनिश्चित लँ सखीपिं लिस्य व तीजक तुति ल्हययाः ।
हल अज्याथाय् वासुरी छपु मालश्री दूरं पुयाः,
मोहनी फुत धाःगु सः थें पश्चिमा च्वन ताय् दयाः ।
झं उकीसं "बाःछि त्वाः ला स्वन्तिचःरे जुल हला !
छन्त थुगुसी छिमि किजां भिंभिंगु लं बीबा हला ?"
"छन्त नं बी आकिवं ला भिंगु हे भाजुं ल्ययाः"
थथ्य खँ ल्हा ल्हां वःगु खन गथुनीत निम्ह इतिइति न्हिलाः
वःगु छम्ह गोदावरीस्वां जाःगु धकिचा घय्पुनाः
मेम्हस्यां जरि बत्तु दुगु बांलाःगु ग्वेस्वांमाः ज्वनाः ।
अमिगु पर्सि व गाय् म्हिताः च्वन रसिक सान्ध्य समीरण,
हवःगु तःफोस्वांकचां अमि पृथु नितम्ब थियाः च्वन ।
अमि रसिकतां जुल व गोपायागु हृदये स्पंदन
"आह !" यानाः क्वच्छुनाः थँसिंमा छमाय् लिधनाः च्वन ।

पलख जायक्का: स्व:बले पिलिपिलि निग: नगु लू खना: धाल वं हिकु हिकु लना: उगु लूगु नगुत क्यना: क्यना:-
"शरद ऋतुस आहा ! हर्ष आमोद याय्त
प्रतिदिन निम्ह नापं चा: हयु हयूं वेगु थाय् ध्व।
थन थ्यन्यव दिना: हे स्वेगु बांला:गु सन्ध्या,
नगु क्यनि प्रभु स्वामीं 'हूंगु सो हूंगु' धाधां।
खनि मखु नगु गय् गय् न्हयाक्व स्व: सां छग:नं
क्यनि गगनस हानं ल्हा: ज्वना: प्राणनाथं-
'पिलि पिलि थित खंला हूं छजो थीथ्य च्वंक'
वन्य 'खन खन' धाधां नाथया म्हे जि थीक।
अल्य यनि वसपोलं पाचिना: हूं सिमाक्वे
विधु खन्यदु गनं बांलाक हे पूर्व पाख्य।
लुइन लुइन आ:नं व:गु सो हुं प्रकाश,
वल रिपु सम ज्योत्स्ना थौं जित: बीत त्रास।
विरह-अनलकुण्डे दुंम्ह सुं नायिकाया
रुदित हृदय-न्याया याय्त रक्षा पुन्हीया
हिमकर कर ब्वेका: व:गु ज्वीमा: विचा:या:
कर छल, क्वल ख्वा: च्या: था:गु सो चन्द्रमाया।

प्रिय पति परदेशे ला:म्हस्या रुपयात
जलनिधि सम भा:पा व:गु ज्वी स्नान याय्त
शशधर कर व्वेका: थौं शरद्यागु चान्हे
फुति फुति थुकलं वं ब्यूगु ज्वी वैगु ख्वाले।
मखु मखु बिरहीया प्राणया प्राण तय्त
खन्य मदुम्ह प्रियाया प्रेम-सन्देश च्वेत
सहृदय प्रकृतिं पौ ब्यूगु ज्वी पूर्ण इन्दु
'प्रियतम ! मत्य छिं लोमंक्य न्है !' धैगु सीदु।
प्रिय सखि ! प्रभु स्वामीं च्व:गु दयमा: जित: नं
भति नयन ब्वया: बांलाक सो छं छको नं,
स्थिर अपलक दृष्टिं त्यानुका: जिं स्वयां नं
खन्य मदु अन स्वामीयागु आख:छग: नं।" (मालिनी)

स्वामिनीया विप्रलापं अमिगु नं मति विभ्रम जूगु थें फुक वांछवया: छम्हस्यां वचनया संयम फेत्तुना: काचाक घाँसे जवगु ल्हातं बैं चुया: कनक कंकण छ्रिलिक न्याय्का: खवगु ल्हातं ख्वबि हुया: धाल-"हार्दिक प्रेमया महिमा छुस्यू व मिजंतस्यं भीत ख्वेक्यगु जक दु अमि ज्या प्राय सत्ययुगं निस्यं" यात छम्हस्यां "थुगु खँ धात्थें ख:" धका अनुमोदन, मेम्हस्यां पतिया बियोगं क:पिनिगु बाखं कन-

"द्योंम्ह दमयन्ती बने वाना: अनं बिसि वन नल,
'सत्य सत्य' धका हरिश्चन्द्रं व शैव्या ख्वेकल,,
भ्रातृसेवाहेतु ख्वेकल लक्ष्मणं उम्ह उर्मिला"
मेम्हस्यां हानं उकी तन हृदय ख्व:सां भति न्हिला:-
"पुत्र पुत्री दान याय् धुंका: नृपति विश्वन्तरं
'दानपारमिता' धका बिल दान पत्नीयात नं,
बीगु इच्छा जू ध्व पापीतय्त तंमो स्वे सरा:"
किन्तु थुगु खं हयेगु पल्यसा ख्व जक ख्वल व यशोधरा-
"अमि थें मखु जिगु हाय अवस्था ल्यंदनि अमि आश,
दुख मय जुल जिगु आगामी दिन केवल दनि त्रास,
संयोग अपिं जुल दिन फ्वीवं थ:थ: प्रिय नाप,
या:गु दु मस्यु जिं न्हापा जन्मे सखि ! छु छु जक पाप !"
(जाति २६ मात्रा)

सुंक च्वन हिकु हिकु लना: अनसं व भवाताहाँ दना: छम्ह सखीं काचाक कुतुवन्यत्यंगु गाया चो ज्वना: न्वात उम्ह म्हुतु छवा:म्ह च्वाकिंयात उम्ह ज्ञांदुम्ह सखी "मा:गु खँ छगू ल्हाक्य मदु छुं सो व अप्पो गुलि नकीं !' अश्रु हवीका: धाल गोपायात "रानी छ:पिसं शोक धात्थें याय् मलो न्है धैर्य भति याना: दिसँ" हाकनं घय् घय् पुना: वं धाल- "अय् राजर्षिया

धर्मपत्नी ख: छि हानं शोक छाय् याना: दिया ?

वन व गिरि इक्ष्वाकु वंशीपिन्त शान्ति निकेतन,
देवि ! साध्वी शाक्यनारीपिन्त गृह दु तपोबन"
वैगु थुगुखं शोक छुं तन ख्वेगु तोतल वं भति
छ्यूँ च्वना: नं योगिनी थें ज्वीगु गोपां तल मती ।
धाल वं "जीवनधनं अन ब्रत गज्या:गु क्या: च्वन ?
याय् जिनं उगु ब्रत तपस्या थाकुसां निश्चय थन"
"छिं मने तल भिंगु ज्या, सहधर्मिणी पतिया छि ख:"
थुलि धया: उम्ह समय स्यूम्ह चतुर सखी कन मेगु खँ-
स्यायगु छ्वीगु तथा ब्यभिचार
ज्वी मखु निश्चय छ्वीत विचार !
तोत्यगु ब्याक्क असत्य खँ ल्हाय्गु,
थ: मनयात सु संयत याय्गु,
सेवन मादक द्रब्य मयाय्गु,
शुद्ध छ्छा: जक भोजन याय्गु,
तोत्यगु गीत व बाजन थाय्गु,
खेल अनेक व नृत्य मयाय्गु,
तोत्यगु गन्ध विलेपन याय्गु,
मा: छुकियां गबलें क्वमखाय्गु,
काञ्चन, रतन-विभूषण धाक्व,
धारण यायगु तोत्यगु ब्याक्क,
सुन्दर कौशिक वस्त्र मतीगु,
केवल गैरिक चीवर तीगु,
तोत्यगु उच्चगु आसन लाय्गु,
उत्तम छिं थुलि पालन याय्गु ।" (दोधक)
थुगु प्रकारं हयेकु हयेकुं भवनयागु लुखा थ्यन,
शाक्यरानीं स्व:बले च्वे पिलिक आलंमत खन ।
पलख आताहां स्वया: च्वन वैत पवनं संकुगु
लुल मने "फै मखु निराशां प्वीक्य आशा नं जिगु"
हृदय-साले विरहया मी भूतया स्मृति-तू सिया:
दु:ख यंबाय् न्याक्क काका: व:गु अश्रु-चिकं तया:
नाथ दर्शन याय्गु आशा-दीप च्याका: पिलि पिलि
वँन व द्वाहाँ पालचा सम नयन जाय्का: बिलि बिलि ।

*सुगत-सौरभ महाकाव्यया यशोधरा*
*नामगु मुंगूगु सर्ग सिधल*
*ने.सं १०६४ साल सकिमना पुन्ही*

◆


**यही आउँदो नयाँ वर्ष २०७८**
को उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**सिस्को फ्लेक्स प्रिन्ट**
च्यामहासिंह, भक्तपुर, फोन नं. ६६१७१३५
६६१९५६०, ९८५११७०५६०, ९८४१३००५६०



**यही आउँदो नयाँ वर्ष २०७८**
को उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।



**श्याम दहि भण्डार**
चोर्चा-६, भक्तपुर, फोन नं. ६६१८१४८

# इटालीका एक प्रसिद्ध भिक्षु ऊ. लोकनाथ महास्थविर



✍ रत्नसुन्दर शाक्य

२० औं शताब्दीमा यूरोपबाट एशियामा आई बुद्ध धर्मको निमित्त आफ्नो समस्त जीवन अर्पण गर्नुभएका केही प्रमुख व्यक्तित्वहरूमा भिक्षु ऊ. लोकनाथ महास्थविर पनि एक हुनुहुन्छ ।

उहाँको जन्म सन् १८९७ मा इटालीको एक प्रतिष्ठित सोफी (Cioffi) परिवारमा भएको थियो । उहाँको गृहस्थ नाम साल्भाटोर (salvatore) थियो । उहाँले आफ्नो उच्चशिक्षा संयुक्त राज्य अमेरिका (USA) को कोलम्बिया विश्वविद्यालयबाट वि.एस.सी (B.Sc) शिक्षा पूर्णगर्नु पश्चात् Cooper Institute र Rockefeller Institute मा जीव विज्ञान र औसधविज्ञान सम्बन्धी अनुसन्धान कार्यमा लाग्नुभएको थियो । यसैताका उहाँले बुद्ध धर्मबारे परिचित हुने मौका प्राप्त गर्नुभएको थियो । उहाँ बुद्ध धर्ममा शाकाहारी पक्षहरूका बौद्ध व्यक्तित्व हुनुहुन्थ्यो ।

उहाँले स्व अध्ययनबाट नै बुद्ध-धर्ममा प्रभावित हुनु भई बुद्धको संवेजनीय स्थल (बौद्धतीर्थ) हरूको अवलोकनार्थ भारत आइपुग्नु भएको थियो । भारतस्थित विभिन्न बौद्ध स्थलहरूको अवलोकन पश्चात् सन् १९२५ मा वर्मा (म्यानमार) पुगी त्यही प्रवज्या एवं उपसम्पन्न भई "भिक्षु लोकनाथ" हुनुभएको थियो ।

उहाँ बुद्ध धर्ममा पूर्ण समर्पित (भिक्षु) भइसकेपछि बुद्धको शिक्षा व्यापक प्रसार गर्नमा वडो उत्सुकताकासाथ लाग्नुभएको थियो । उहाँ भिक्षु भेषमा आफ्नो देश (इटाली) मा फर्कनुभयो, तर त्यसताका उहाँलाई आफ्नो देशमा बुद्ध-धर्म प्रचारार्थ उचित (अनुभूत) वातावरण मिलेन तसर्थ उहाँ सन् १९२८ मै वर्मा फर्कनुभयो ।

भिक्षु ऊ. लोकनाथले पुन: ५ वर्ष बुद्ध-धर्मको विस्तृत अध्ययन मननमा लाग्नुभयो । साथै उहाँ ध्यान भावनामा पनि लाग्नुभएको थियो । भिक्षु ऊ. लोकनाथले वर्माको विभिन्न विहार, जङ्गल एवं गुफामा रही ध्यानाभ्यास गर्नुभएका पश्चात उहाँ प्रसिद्ध धुतङ्गधारी (कलेश निर्मूल गर्न आवश्यक १३ अंगहरू पालन) का रुपमा पनि प्रसिद्धि पाउनुभएको एक धुतङ्ग थियो- खाटमा नलेटिकन सुत्नु ।

भिक्षु ऊ. लोकनाथले ५ वर्षसम्मको बुद्ध-धर्मको् गहन अध्ययन-मनन-अभ्यास पश्चात सन्

१९३३ देखि १९३५ सम्म ३ वर्षसम्म लगातार श्रीलंका, वर्मा र थाइलैण्डबाट असंख्य भिक्षुहरू जम्मा गरी भारतको वोधगयासम्म शन्ति पद यात्रा सम्पन्न गरेको थियो। उहाँले उक्त साहसिक यात्राबाट अनगिन्ती व्यक्तिहरू प्रभावित भएका थिए। तिनीहरूमा एक हुनुहुन्छ भारतका एक चिकित्सक डा. आर. एल. सोनी (Dr. R.L. Sony 1904–82)। उहाँ भारतको पञ्जावबाट विवाहपश्चात हनिमून मनाउन वर्माको माण्डेल नगरमा सन् १९२९ मा आएका थिए। त्यसताका उहाँले वर्माको बौद्ध धार्मिक वातावरण र माण्डलै नगरको हावापानीबाट प्रभावित भई त्यही वर्माकै नागरिक भई जीवन विताउने आशय लिइसकेका थिए।

उहाँ माण्डलेको जीवक (बुद्धकालीन राजगृहका एक चिकित्सक-बुद्ध ~~धर्ममा समर्पित~~) को संज्ञा समेत पाइसकेका व्यक्ति थिए। सन् १९३३ मा भिक्षु ऊ. लोकनाथबाट विशेष रुपमा प्रभावित हुनुभएका उहाँका तर्फबाट पछि बुद्ध शासनिक कयौ गतिविधिहरू सम्पन्न भएको अतुलनीय रहेको छ।

स्मरणीय छ, २० औं शताव्दीका विश्वप्रशिद्ध विपश्यनाचार्य कल्याणमित्र सत्यनारायण गौयन्का (सन् १९२४-२०१३) पनि वर्माको माण्डलै शहरमै जन्मिएका थिए। उहाँ डा. आए. एल. सोनीका विशेष प्रंशसक थिए। अत: डा. आर. एल. सोनीका बुद्ध शासनिक गतिविधिका एक प्रत्यक्ष दर्शी विपश्यनाचार्य सत्यनारायण गोयन्का पनि थिए।

भिक्षु ऊ लोकनाथ र डा. आर. एल. सोनी विशेष सम्पर्कमा रहेका अन्य एक विशिष्ट भारतीय व्यक्तित्व हुनुहुन्छ- ~~एवं उहाँको आतिथ्यमा रहेका भिक्षु ऊ. लोकनाथ~~ भारतका दलित वर्गका नेता, भारतका संविधान निर्माता वावासाहेव डा. भिमराव अम्वेडकर। जो भिक्षु ऊ. लोकनाथसित डा. भीमराव अम्वेडकरको सम्पर्क सन् १९३० देखि नै थियो।

भिक्षु ऊ. लोकनाथले डा. भीमराव अम्वेडकरको बम्वईस्थित निजी पुस्तकालय भवन "राजगृह" को अवलोकन उसबेला नै गरिसकेको थियो। साथै सो पुस्तकालयमा रहेको विशाल बुद्धको तस्विरबाट पनि उहाँ प्रभावित हुनुभएको थियो।

डा. भिमराव अम्वेडकरले त्यसताका भारतमा रहेको आफ्ना ६ करोड अनुयायी (दलित) हरूलाई हिन्दु धर्म त्यागी अन्य कुनै एक धर्म स्वीकारने घोषणा १३ अक्टोबर १९३५ को दिन नासिकको येवला भन्ने स्थानमा गरेको खबर भिक्षु ऊ. लोकनाथले पाए पश्चात् उहाँ सन् १९३५ को अन्तमा भारतमा आउनुभई डा. अम्बेडकर सित भेटवार्ता गर्नुभएको थियो। उहाँले सो वर्तामा डा. अम्बेडकरलाई स्पष्ट गराउनु भएको थियो कि दलितहरूको निमित्त सबभन्दा उपयुक्त अनुकूल धर्म बुद्ध धर्म हो। डा. आम्वेडकरले उहाँको सुझावप्रति विचार विमर्श गर्ने आश्वासन दिनुभएको थियो।

यसै प्रसंगमा इटालियन भिक्षु ऊ लोकनाथले सन् १९३६ मा दुइवटा पत्र पनि पठाउनुभएको थियो जुन पत्रमा (४ जुलाई १९३६ र २१ अगष्ट १९३६ का दिन पठाएको) उहाँले बुद्ध-धर्मको महानताको प्रसंग मात्र होइन सारा भारत देशलाई समुन्नत गर्न बुद्ध धर्म अत्युत्तम रहेको, जातिभेदकै कारण भारत गुलाम भएको, बुद्ध-धर्म अपनाए पश्चात् एशियाभरका बौद्ध-देशहरूले हार्दिक समर्थन गरी आवश्यक आर्थिक सहयोग पनि प्राप्त गर्न सकिने आदि बारेमा उल्लेख गरी पठाउनुभएको थियो।

वावासाहेव डा. आम्वेडकरले सन् १९३५ मा धर्मान्तरणको घोषणा गरेदेखि दुई दशकसम्म विभिन्न धर्महरूको अन्वेषण (अध्ययन मनन परिक्षण) गर्नुभएको थियो । स्मरणीय छ डा. अम्वेडकरले सर्वप्रथम १२ दिसेम्बर १९५४ का दिन बर्माको माण्डले स्थित डा. आर.एल. सोनी एवं उहाँको आतिथ्यमा रहेका भिक्षु ऊ. लोकनाथ सम्मुख आउँदो बुद्ध परिनिर्वाणको २५०० औं वर्ष (सन् १९५६ को कुनै दिन बौद्ध दीक्षान्त समारोह गरी आफू एवं आफ्ना लाखौं (उपस्थित हुने) अनुयायीहरू सहित कुनै एक ज्येष्ठ भिक्षुसित पञ्चशील ग्रहण गरी बुद्ध-धर्ममा दीक्षित हुने घोषणा गर्नुभएको थियो । उहाँको यस निर्णयलाई उहाँकै अनुमति लिई डा. आर. एल. सोनीले वर्मामै New Times of Burma पत्रिकामा An open invitation to all scheduled cast indians को रुपमा एक अपील पनि छापिसकेको थियो ।

यसप्रकार डा. अम्बेडकरले ऊ. लोकनाथ र डा. आर. एल. सोनीको तर्फबाट पनि बुद्ध-धर्मको महानताको बारे विचार विमर्श गरी अन्तमा १४ अक्टोबर १९५६ विजपादको दिन भारतको महाराष्ट्र प्रदेशस्थित नागपुर शहरमा भिक्षु ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट पञ्चशील ग्रहण गरी लाखौं (५ लाख भन्दा बढी) अनुयायीहरूको साथ बौद्ध घोषित हुनुभएको थियो ।

भिक्षु ऊ. लोकनाथले बुद्ध-धर्म प्रचार प्रसारार्थ निकै पटक एशिया, यूरोप एवं अमेरिकामा पुग्नुभएको थियो । उहाँलाई विशेष सहयोग बर्माको Buddhist Foreign Mission of Mumdaday ले गर्दै आएको थियो ।

भिक्षु ऊ. लोकनाथको धर्मदूत यात्राको वर्णन उहाँको कृति Girdling the glole with Truth मा उल्लेख गरिराखेको हामी पाउँछौं । उक्त पुस्तकमा दोस्रो विश्वयुद्धताका उहाँले गर्नुभएको धर्मदूत यात्रा त्यस पश्चात सन् १९४६ मा बर्मा फर्कनुभएको, सन् १९४७ को जुलाई महिनामा धर्मदूतकै रुपमा अमेरिका पुगेको, सो धर्मदूत यात्रा सम्पन्न गरी सन् १९५० को जुन महिनामा विश्व बौद्ध भातृत्व संघको पहिलो विश्व बौद्ध सम्मेलन (श्रीलंकामा सम्पन्न) मा सम्मिलित हुन आएको त्यस पश्चात सन् १९५१ मा बर्मा फर्केको आदि उल्लेख थियो ।

भिक्षु ऊ. लोकनाथले सन् १९६३-६५ मा पनि विश्व धर्मदूत यात्रा पनि योजना तयार गर्नुभएको थियो तर, अफशोच उहाँ एक्कासी विरामी हुनुभयो । उहाँको भौतिक देह कमजोर हुँदै गए । २५ मई १९६६ का दिन ६९ वर्षको उमेरमा उहाँको निधन वर्मा मै भयो ।

उहाँको स्मृतिमा उहाँको प्रमुख गृहस्थ शिष्य डा. आर. एल. सोनीले वर्माको सगाई (Sagaing) मा एक विशाल धर्मदूत चैत्य निर्माण गरेको स्मरणीय छ ।

**सन्दर्भ**


*१) जो न भूल सका - भदन्त आनन्द कौशल्यायन हिन्दुस्तानी पब्लिकेशन्स शाहगंज इलाहावाद- १९४८*

*२) आम्वेडकरी- बौद्ध आन्दोलनका इतिहास- श्यामसिंह*

*सम्यक प्रकाशन, पश्चिमपुरी नई दिल्ली-२००९*

*३) The Western contribution to Buddhism– William Peires*

*Motilal Banarasidas*
*Jawahar Nagar, Delhi-1973*


◆

# "असल शिक्षा" भाग ११ पढ्दा

✍ विष्णुगोपाल कुसी


समाजसेवी, बौद्ध जागरणका प्रवचक, लेखक, बहुजनहित हुने शिक्षा प्रचारक एवं बौद्ध ज्ञाता ललितपुरको वकुबहाल निवासी बुद्धरत्न शाक्य (भिक्षु अश्वघोष) का दर्जनौं उपदेशमूलक कृतिहरूमध्ये 'असल शिक्षा' भाग ११ पनि एक हो। 'धर्म कीर्ति' मासिक पत्रिकाका प्रधानसम्पादक, संघराम भिक्षु तालिम केन्द्र र ध्यानकुटी बिहार बनेपाका संस्थापक एवं धर्मकीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजन खल: र युवा बौद्ध समूह काठमाडौंका धर्मानुशासक अश्वघोषले ८० भन्दा बढी बौद्धसम्बन्धी शिक्षामूलक कृतिहरू रचिसकेका छन्। यस 'असल शिक्षा' भाग ११ मा धर्म प्रचार गर्ने व्यक्तिहरूमा हुनुपर्ने गुण, शुद्ध र अशुद्ध बन्ने आ-आफ्नै हातमा, सफल विद्वानमा हुनुपर्ने गुण, जात होइन राम्रो बानी व्यवहार चाहिन्छ जस्ता १० वटा समय सान्दर्भिक लेखहरू सङ्ग्रहित छन्।

पुस्तकमा सिद्धार्थ कुमारले बुद्ध बन्न सफल भएको पूर्णिमाको दिनलाई धर्म विजय दिवसको नामकरण गरिएको छ। संसारमा दु:ख छ, दु:खको कारण छ, दु:खलाई अन्त्य गर्न सकिन्छ र दु:ख अन्त्य गर्ने उपायहरू छन् भन्ने कुराको ज्ञान संसारलाई दिलाउने काममा सरिक भएकाले बुद्धले धर्म विजय प्राप्त गरेको पुस्तकमा उल्लेख छ। हरेक मानिसमा सही दृष्टिकोण, सही नियत, सही वचन, सही काम, सही जीवन, सही तरिकाको धर्म अभ्यास, सही स्मृति, सही कार्यमा चित्त एकाग्रता भए गलत दृष्टि र गलत कार्य अन्त्य हुने बुद्धको विश्वास थियो।

संसारमा शान्ति छर्न, बहुमत जनताको विश्वास जित्न र सेवा गर्न मानिसहरू इमानदार बन्नुपर्छ, कर्तव्यपरायण हुनुपर्छ, देश र जनताप्रति समर्पित हुनुपर्छ। त्यही कारण मानवतावादी, शान्तिका प्रतीक बुद्धले प्रथमपटक धर्मचक्र प्रवर्तन गर्दा भिक्षुहरूसामु भनेका थिए, "बहुजन हित र सुख गर्न गाउँ, नगर, सहर बस्तीमा शिक्षामूलक र व्यवहारिक ज्ञान प्रचार गर्नुपर्छ।" यस्ता ज्ञान या शिक्षा प्रचार गर्ने मानिसहरू चरित्रवान, नैतिकवान र निर्लोभी हुनुपर्छ। कलङ्कित, दुर्जन, खराब आचरणका व्यक्तिहरूले राम्रो या सही शिक्षा प्रचार गर्दैनन्। शिक्षा प्रचारमा लागेका समाजसेवीहरू जहिल्यै उत्साही हुनुपर्छ, आफ्नो इच्छा पूरा गर्न यत्न गरिरहनुपर्छ। उनीहरू दक्ष र कुशल हुनुपर्छ, भित्रैदेखि मन लगाएर काम गर्नुपर्छ। कुनै काम होशियारीपूर्वक गर्नुपर्छ, काम गर्दा सतर्कता अपनाउनुपर्छ। सोचविचारै नगरी हचुवा ढङ्गले काम गर्दा काम अधुरो अपुरोमात्र होइन बिग्रिन्छ या अरूको लागि नोक्सान हुन्छ। मन पवित्र र स्वच्छ हुनुपर्छ। आफू अनुशासित हुनुपर्छ। अनुशासनको घेरा तोड्नु हुँदैन। संयमित हुनुपर्छ। बुद्धि र विचार थाती राखेर या पन्छाएर काम गर्दा उद्देश्य फत्ते हुँदैन। समाजको स्वरुप बदल्न, गाउँ-ठाउँको विकास गर्न देश र जनताप्रति जिम्मेवार

भएर इमानदारीपूर्वक र निःस्वार्थपूर्वक काम गर्नुपर्छ । छलकपट गरेर आ-आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न गरिएको कामले मनमा शान्त हुँदैन । काखा र पाखाको व्यवहारले जनताको विश्वास जित्न सकिँदैन । त्यसैको कारण विद्वेष फैलिन्छ, झगडा हुन्छ, अशान्त हुन्छ र देश विकासमा बाधा हुन्छ ।

सिद्धार्थ गौतमले ४५ वर्षसम्म धर्म उपदेश गर्नुका मूल कारण असल जीवन बिताउन नै हो । असल जीवन त्याग, तपस्या, होम यज्ञ गरेर प्राप्त हुने होइन । जीवन जोहो गर्न या जीवनका लागि आधारभूत आवश्यकताहरू पूर्ति गर्न श्रम गर्नुपर्छ, आर्जेको सम्पत्ति आफूले उपभोग गर्न पाउनुपर्छ । सम्पत्ति सुरक्षा गर्न त्यहाँ कुनै चोरी चकारीको भय हुनुहुँदैन या त्यस्तो वातावरण हुनुहुँदैन । यदि समाजमा चोरी चकारी हुन्छ या सम्पत्तिको सुरक्षा हुँदैन भने उसको गृहजीवन कसरी सुखमय हुन्छ ? कुनै भोक, रोग र शोकले जीवन छोड्न नपरून् भनी रोजी रोटीको व्यवस्था हुनुपर्छ । कसैको जीवन सुखमय भएपछि आत्मनिर्भर हुन्छ या अरूको भरमा बस्नुपर्दैन । जीवन सुखमय बनाउने नाउँमा पदको दुरुपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउने काम कदापि सही होइन । देशको सम्पत्तिमा रजाइँ गर्ने कार्यले सुख र शान्ति मिल्दैन । त्यस्ता पात्र या नायकहरूलाई जनताले मनपराउँदैनन्, उनीहरू समाजका घृणाका पात्र बन्छन् । यसकारण हामी असल बन्नुपर्छ, असलहरूको सङ्गतमा लाग्नुपर्छ ।




सिद्धार्थ गौतमले वैशाख पूर्णमाको दिन बोधिज्ञान प्राप्त गरे र बुद्ध बने । उनले आफूले प्राप्त गरेको ज्ञान संसारमा फैलाए । कति मानिसहरू समुदाय या समाजको हितभन्दा व्यक्तिगत काममा लागे । गलत मनसायले काम गरेर नैतिकता छोड्न थाले । सबैको मुक्तिको बाटो खोज्नुभन्दा आ-आफ्नो लाभतिर लाग्दा लोभ पलायो, लोभले समाज र देश बिर्से, जनता भुले । यो सत्कर्म होइन ।

पढे लेख्दैमा सबै विद्वान हुँदैनन् । शिक्षितहरू सबै विद्वान छैनन् । साँच्चै विद्वानहरू सबै देशमा पुजिन्छन् । उनीहरूले आफ्नो देशको लागि मात्र होइन अरू देशको लागि बाटो देखाउँछन् या नयाँ नयाँ आविष्कार गर्छन् । तर, आफूसँग बुद्धि र ज्ञान छ भनेर घमण्ड गर्नुहुँदैन, आफू नै सबथोक सम्झेर मात्तिनु हुँदैन । अभिमानी भएमा अरूले उनी कति मात्तेको भनेर कुरा लाउँछन् । आफै विद्वता छाउने, अरूलाई गन्दै नगन्ने पाराले आफूलाई पनि अरूले गन्दैनन् । यसकारण असल बोली वचन हुनुपर्छ, सत्मार्गमा लाग्नुपर्छ ।

देशमा कहीं कतै छलकपट, जालसाजी, भ्रष्टाचार, व्यभिचार नहोस् भन्ने ध्येयले नै बुद्धले त्यसबेलै मैत्री शिक्षा दिएका हुन् । बुद्धको मैत्री शिक्षा सबैले आत्मसात नगर्दा आज जताततै कुकर्म गर्न थाले । एकले अर्कोलाई अविश्वास गर्न थाले । आ-आफ्नो खराब आचरण सुधार्नुको सट्टा खराब आचरण छोप्न अर्को गल्ती गर्न थाले । गल्ती सुधार्ने हो, सच्याउने हो, छोप्ने होइन । देशका

शासकहरू इमानदार र कर्तव्यपरायण नहुँदा यो समस्या बढ्दै गएको हो । राजनीतिप्रति वितृष्णा बढ्नुको कारण पनि यही हो ।

समाज या देशको लागि दान र त्यागको खाँचो छ । कसैको सेवा गर्ने या राहत पुऱ्याउने उद्देश्यले स्वच्छ मतिले दान गर्नु राम्रो हो । त्यो साँचो दान हो । तर, आजभोलि कति दान या सहयोग देखावटी हुन थालेको छ । कतिले त आफ्नो सर्त राखेर दान गर्छ या आर्थिक सहयोग गर्छ । यो प्रवृत्ति गलत हो । आफ्नो अधीनमा राख्ने या आफ्नो उठवसमा राख्ने उद्देश्यले गरेको आर्थिक सहयोग नि:स्वार्थ र शुद्ध दान होइन । त्यस्तो सहयोगभित्र आफ्नो दुषित विचार लुकेको हुन्छ । संयुक्त राज्य अमेरिकाको एक कम्पनीले नेपाललाई ५ वर्षको निम्ति एमसीसी सम्झौतामार्फत हुने ५५ अर्बको सहयोगभित्र यस्तै दुषित विचार लुकेको छ । दान या सहयोगसम्बन्धी बुद्ध आफ्नो विचार यसरी प्रकट गर्छन्, त्याग चेतनाले दान गरेको भए जसलाई दिए पनि फल पाउनेछ ।

सिद्धार्थ गौतमले जातपातको आधारमा भेदभाव गरेको देखिँदैन । जुनसुकै जात, धर्म लिङ्ग या समुदायको भए पनि कुनै पनि मानिसलाई असल र राम्रो बानी बनाउनु नै उनको उद्देश्य हो । बुद्ध र बुद्धका अनुयायीहरूले भिक्षा माग्न जाँदा यो जात र त्यो जात भनेनन् । आफै समाज र देशका नागरिक ठानी भिक्षा माग्न जान्थे । जातपातको आधारमा कुनै उच्च र कुनै नीचको व्यवहार गर्नुहुँदैन भन्ने बुद्धको मान्यता हो । बुद्धले भने, हाम्रो समाजमा जवसम्म वर्गभेद हुन्छ तवसम्म शान्ति हुँदैन । यसरी बुद्धले धर्मको क्षेत्रमा जातभात, उच्च, नीच, धनी र गरिबलाई स्थान दिएनन् ।

बुद्ध शिक्षाको अन्तिम लक्ष्य निर्वाण हो । निर्वाण अर्थात् दु:खबाट मुक्त हुन काम नलाग्ने पुराना संस्कारलाई आफ्नो मनबाट जरैदेखि फाल्नुपर्छ भन्ने बुद्धको उपदेश हो । परम्पराको नाउँमा विद्यमान रहेको कुसंस्कार, अहङ्कार, इर्ष्या, लोभ, सङ्कीर्ण विचार पूर्णरूपमा मुक्त भएपछि मात्र सिद्धार्थले बोधिज्ञान प्राप्त गरेका थिए । त्यस्ता गलत संस्कार नबदलिकन आदर्शोन्मुख समाज बन्दैन । मन शुद्ध भयो या हृदय परिवर्तन भयो भने असल मान्छे बन्छ र पछि अर्हत् (निर्दोष) व्यक्ति बन्छ । मनलाई वशमा राख्न सक्नुपर्छ ।

कुनै व्यक्ति जानी या नजानी खराब सङ्गतमा पर्नसक्छ, खराब काममा लागेको हुनसक्छ । त्यस्ता पात्रलाई असल बाटो या असल सङ्गतमा ल्याउन असल शिक्षा दिनुपर्छ । असल शिक्षा पाएर कति खराब आचरणका या गलत बाटोमा लागेका मानिसहरू सच्चिएका छन्, मज्जाले सुखपूर्वक जीवन बिताइरहेका छन् । ज-जसले राम्रो शिक्षा पाएका छैनन्, त्यसबाट सूचित छैनन् उनीहरू धनी र उच्च वर्गका भए पनि गलत बाटोमा लागेका छन् । धेरै धोका र हण्डर खाएपछि फेरि तिनै व्यक्तिहरू प्रायश्चित गरेर सच्चिएका पनि छन् । त्यसकारण सत्मार्गमा लाग्नुपर्छ र असल जीवन बिताउनुपर्छ, असल समाज बनाउनुपर्छ । सज्जन दुर्जन हुने होइन बरु दुर्जन सज्जन हुनुपर्छ ।

यस 'असल शिक्षा' भाग ११ मा सङ्ग्रहित रचनाहरू छोटामीठा र सरल छन् । हरेक रचनाहरू उपदेशमूलक र शिक्षामूलक छन् । 'असल शिक्षा' भाग ११ का लेखक एवं प्रकाशक भिक्षु अश्वघोषप्रति साधुवाद छ ।

◆

# भिक्षु ज्ञानपूर्णिकसँगको फरक कुरा

✍ दीपक भेटवाल (दीपसागर)

थेरवादी बुद्ध धर्मको अध्यायबाट एउटा ओजस्वी व्यक्तित्व गत असार १९ गते सदाको लागि हामीबाट अलप हुनुभएको छ । तर शारीरिक रुपमा उहाँ हामीबीच नरहे पनि उहाँले छरेको प्रकाशपुञ्जले थेरवादी बौद्ध धर्मको भावी यात्रालाई सदासर्वदा आलोकित तुल्याइरहनेछ । सरसर्ती हेर्दा एउटा आर्दश पात्रको असामयिक अन्त्य भएको छ तर उहाँको अस्तलाई एउटा सामयिक प्रक्रियाको रुपमा मनन गरेर उहाँले सुनिश्चित गरेको यात्रा तय गर्नुको अर्को विकल्प हामीसँग छैन । दिवंगत भिक्षु ज्ञानपूर्णिक केवल एउटा व्यक्तिका रुपमा मात्र होइन विचार र दर्शनको सँग्लो गाथा हुनुहुन्थ्यो । त्यसैले शारीरिक रुपमा उहाँ हामीबाट बिलाए पनि उहाँले बालेको दीपकको उज्यालो प्रैकाश हामीले पाइरहनेछौं र उहाँ हाम्रो स्मरणमा सदैंव जिवीत रहिरहनुहुनेछ ।

लगभग तीन वर्षजति भएको हुनुपर्छ, उहाँको आदर्श, विचार, शिक्षा, ज्ञान, चेतना, प्रेरणा सफलता र जीवनशैलीलाई सम्पूर्ण नेपाली जनमनमा पुऱ्याउने आत्मचाह बोकेर उहाँको जीवनी लेख्ने निर्णय गरें । उहाँले भिक्षु निग्रोध र अन्य केही व्यक्तिहरूले पुस्तक निकाल्ने तयारी गरिरहेको हुँदा तपाईको अनुरोध हाललाई स्वीकार्न सकिन्न र मेरो बारेमा चासो लिनुभएकोमा तपाईलाई साधुवाद भन्नुभयो । थाहा छैन उहाँको बारेमा पुस्तक प्रकाशन भयो वा भएको छैन ।

भिक्षु ज्ञानपूर्णिकसँग मेरो पहिलो परिचय वि.सं. २०७३ साल माघमा भएको हो । एउटा बौद्ध सभाको प्रमुख अतिथिका रुपमा अनुरोध गर्न म विश्व शान्ति विहारमा गएको थिएँ । जतिबेला उहाँ एउटा पुस्तकको तयारी गर्न आफ्नो कार्यकक्षमा व्यस्त हुनुहुन्थ्यो । आफ्नो व्यस्तताको बीच उहाँले मसँग करिब एक घण्टा औपचारिक र केही अनौपचारिक कुराकानी गर्नुभयो । एक घण्टाको समयमा उहाँले मसँग बौद्ध धर्म, बौद्ध धर्मको अवस्था, मेरो व्यक्तिगत जीवन, पारिवारिक अवस्थालगायत केही समसामयिक विषयमा जिज्ञासा राख्दै केही महत्त्वपूर्ण अनुभवहरू मलाई सुनाउनुभयो तर उहाँले मेरो निमन्त्रणालाई स्वीकार गर्नुभएन । कारण मेरो कार्यक्रमको समयमा उहाँको म्यानमार जाने तालिका परेको रहेछ । म्यानमार जाने निर्धारित समय तालिकाको सम्मान गर्दै थप अनुरोध नगरिकन म विहारबाट फर्किएँ । मेरो कार्यक्रम माघ २८ गते थियो । उहाँ म्यानमार जाने माघ २७ गते परेको थियो । मैले कार्यक्रमको प्रमुख अतिथिमा एकजना लामा भिक्षुलाई निमन्त्रणा गरेको थिएँ ।

२७ गते बेलुका विश्व शान्ति विहारबाट फोन आयो। फोन उहाँले नै गर्नुभएको थियो। म्यानमार यात्रा रद्ध भएकोले तपाईलाई सम्झिएको भनेर उहाँले नै भन्नुभयो। मैले कार्यक्रमका तयारीका बारेमा सबै जानकारी उहाँलाई गराएँ। उहाँले कार्यक्रमको सफलतको शुभकामना दिएर २९ गते बिहान ८ बजे विहारमा आउन मलाई अनुरोध गर्नुभयो। म उहाँको निम्तो मान्न २९ गते बिहान ८ बजे विहारमा गएँ। उहाँ पुरानै लयमा कार्यकक्षमा व्यस्त हुनुहुन्थ्यो। मलाई केही समय पर्खन अनुरोध गर्दै 'शान्ति सन्देश' नामक पत्रिका पढ्न दिनुभयो। सायद, त्यो पत्रिका मलाई दिक्क नलागोस् भनेर उहाँले दिनुभएको थियो। त्यसको करिब २० मिनेटपछि म भएतर्फ फर्किएर उहाँ बोल्न थाल्नुभयो। मैले अघिल्लो दिनको कार्यक्रमका बारेमा सबै जानकारी उहाँलाई गराएँ। त्यो दिन पनि हाम्रो करिब एक घण्टा कुराकानी भयो। कुराकानीका क्रममा केहीबेरे बोल्न, बोल्दाबोल्दै केही सेकेन्ड रोकिने, आखाँ बन्द गर्ने, केही स्मरण गरेजस्तो गर्ने र फेरि बोल्ने उहाँको स्वभाव थियो। उहाँको त्यो स्वभाव कताकता मलाई अस्वाभाविक नलागेको पनि होइन तर उहाँको त्यो स्वभावलाई ध्यानीका हिसाबले सहज रुपमा लिनुको अर्को विकल्प थिएन।

एकदिन कुराकानीको क्रममा उहाँले केही राजनीतिक प्रसंगहरू उठाउनुभयो। उहाँको कुरा सुनेपछि उहाँ विपी दर्शनबाट प्रभावित हो कि भन्ने भान मलाई भयो। तर एउटा त्यागी भिक्षुलाई राजनीतिक विचारसँग जोड्न मेरो विवेकले नमानिरहेको मलाई पक्का भयो। हाम्रो बिचमा अति जटिल र सामान्य विषयमा पनि कुराकानी हुन थाल्यो। केहिलेकहिले हामीबीच सैद्धान्तिक र व्यवहारिक विषयमा केही भिन्नता जस्तो पनि देखिन्थ्यो तर उहाँ जस्तोसुकै जटिल परिस्थितिलाई पनि सरलीकृत गर्न माहिर हुनुहुन्थ्यो।

एउटा प्रसंगमा उहाँले विपीलाई सामान्य भिक्षुको जीवनसँग तुलना गर्दै भन्नुभयो- 'विपी अत्यन्त सरल र सादगी थिए। एउटा सामान्य भिक्षुको जस्तै जीवनशैली उहाँको थियो। जसरी भिक्षुहरूले दिनको एकपटक खाएर आफूलाई सक्रिय तुल्याउने गर्छन ठिक त्यसरी नै विपी पनि प्रायजसो एकछाक खानुहुन्थ्यो। खानाको लागि बाँच्ने होइन बाँच्नका लागि खाने हो भन्ने उहाँको मान्यता थियो। यो बुद्धको पनि मान्यता हो र हामीजस्ता भिक्षुको पनि। मानिसलाई दुई जोर लुगा भए पुग्छ किन चाहियो दर्जनौँ थरी थरीका लुगा ? एक जोर लुगा लाउने त्यो फोहर भएपछि अर्को फेर्ने। लुगाको काम शरीर ढाक्नु हो। धेरै लुगा र ठूलो मूल्यका लुगाको चाहनाले मानिसलाई विलासी बनाउँछ। विलासीताले विकृति जन्माउँछ। विकृति बढ्दै गएपछि दलदलमा फस्न पुगिन्छ भनेर विपी भन्नुहुन्थ्यो। हामी भिक्षुसँग पनि दुई जोर लुगा हुन्छ, केवल फेर्ने मात्र हो। भिक्षु जीवन त्यागी जीवन हो भिक्षुको आफ्नो कुनै विशेष इच्छा र चाहना हुँदैन। जे हुन्छ त्यो मानव जीवनलाई सार्थक तुल्याउन केन्द्रित हुन्छ। विपीले पनि आफ्नो लागि केही गरेनन्, जति गरे देश र जनताकै हितमा काम गरे।'

भिक्षु ज्ञानपूर्णिक राजनीतिमा पनि दखल राख्ने व्यक्ति हुनुहुन्थ्यो। राजनीति नगरेपनि सचेत नागरिकका हिसाबले देशको राजनीति बुझ्नुपर्छ

भन्ने उहाँको मान्यता थियो । उहाँ बुद्धको अनुयायी भएको नाताले मात्र होइन व्यक्तिगत रुपमा पनि हिंसात्मक राजनीतिको विरोधी हुनुहुन्थ्यो । मेरो एउटा जिज्ञासामा उहाँले भन्नुभएको थियो-'सैन्य शक्तिको घमण्डले चुर भएका तत्कालीन बुद्धकालीन राजा अशोक आफ्ना सैनिकद्धारा प्रदर्शन गरिएको साहसपूर्ण रणकौशलको अवलोकन गर्न कलिङ्गको रणक्षेत्रमा पुग्दा त्यहाँको कहालीलाग्दो दृश्य देखे । कसैको हात काटिएको, कसैको गर्धन आधा रेटिएको, रगतको खोला बगिरहेको, मान्छेहरू रोएर हाहाकार गरिरहेको कोलाहालापूर्ण दृश्य देखेर राजा अशोकमा विजयप्रतिको घमण्ड चकनाचुर भयो । मानवले मानवलाई निर्दयतापूर्वक हत्या गरेर विजयी हुने परम्पराको अन्त्य हुनुपर्दछ । हिंसाग्रस्त हृदयलाई अहिंसारुपी बनाउन बाध्य बनाउनु नै वास्तविक विजय हो । त्यो कुरा बुझेपछि निर्दयी अशोकको आत्मामा परिवर्तन आयो । शान्ति र अहिंसाको पथ नै उत्तम हो भन्दै बुद्ध धर्म अंगालेर उनी हिंसाविरुद्धको अभियानमा सरिक भए र बुद्ध धर्मलाई राजधर्मको स्थान दिए । बुद्धले बौद्ध दर्शनलाई जन्म दिए तापनि राजा अशोकले आफ्ना सन्तानलाई अहिंसाको प्रचार गर्न नपठाएका भए बुद्धका अहिंसाले विश्वव्यापी रुपमा यति ठूलो व्यापकता नपाउन पनि सक्थ्यो । त्यसैले हिंसा जेजस्तो अवस्थामा अगाडि आए पनि त्यो कुनै पनि हिसाबबाट प्रिय बन्न सक्दैन ।'

यस्तै अर्को जिज्ञासामा उहाँले आफ्नो दृष्टिकोण यसरी व्यक्त गर्नुभएको थियो- 'एउटा क्षेत्रमा मात्र होइन सबै क्षेत्रमा त्याग आफैमा अनमोल बन्दै गएको छ । राजनीतिमा पनि यस्तै छ । धर्ममा पनि यस्तै छ । विचारले मात्र राजनीति हुँदैन । राजनीतिमा संस्कार र संस्कृति अनिवार्य हुन्छ । भारतमा महात्मा गान्धीले राजनीतिलाई त्यागको सिद्धान्तमा रुपान्तरण गरे । त्यागको संस्कृति र पद्धतिलाई राजनीतिमा आरम्भ गरेकै कारण अङ्ग्रेज भारतबाट हट्न बाध्य भयो । गान्धीको त्यागकै परिणाम थियो त्यो । गान्धीको तुलना संसारका कुनै पनि नेतासँग हुन सक्दैन ।'

उहाँसँग मेरो अन्य विषयहरूमा पनि कुराकानी हुन्थ्यो । कहिले फिल्मका कुरा हुन्थ्यो । कहिले जीवन र जगतका कुरा हुन्थे । कहिले धर्म र राजनीतिका कुरा हुन्थे । कहिले माया र प्रेमका कुरा हुन्थे । हामीबिच जुन विषयमा कुराकानी हुन्थ्यो, त्यसको छुट्टै महत्त्व हुन्थ्यो । कुराकानीका क्रममा केही भिक्षु र भिक्षुणीहरूले नीति, नियम र सिद्धान्तविपरितको आचरण गरेकोप्रति उहाँ कटाक्ष प्रकट गर्नुहुन्थ्यो । हरेक मानिस नीति, नियम र सिद्धान्तको परिधिबाट बाहिर निस्कनु हुँदैन भन्ने उहाँको मान्यता थियो ।

भिक्षु ज्ञानपूर्णिक आदर्शवादी भिक्षु मात्र होइन सर्वगुणसम्पन्न ज्ञानको भण्डार पनि हुनुहुन्थ्यो । विश्वसाहित्य, विश्वइतिहास र विश्वमा प्रचलित धर्महरूको सबै ज्ञान उहाँमा थियो । उहाँ विचार, दृष्टिकोण, सिद्धान्त र मान्यताहरूलाई अत्यन्त स्पष्ट ढंगबाट राख्ने गर्नुहुन्थ्यो । उहाँको अमेरिका, बेलायत, मंगोलिया, थाइल्याण्ड, श्रीलंका, भारत, अष्ट्रेलियाजस्ता विश्वका देशहरूमा गएर प्रवचन दिनुभएको थियो । उहाँको जीवनमा एउटा अनौठो संयोग जुरेको थियो, त्यो इण्डोनेसियाको कुरा हो । प्रवचन सकिएपछि एउटा व्यक्तिले उहाँसँग अटोग्राफ माग्यो । उहाँले त्यो अटोग्राफमा 'तिम्रो

कल्याण होस्' भनेर हस्ताक्षर गर्नुभयो । त्यो मान्छेले कल्याणको अर्थ नबुझेर उहाँसँग पटकपटक जिज्ञासा राख्यो तर जति भने पनि उसले बुझ्दै बुझेन । कारण के रहेछ भने त्यो मानिस मानसिक सन्तुलन गुमाएको अवस्थामा रहेछ । त्यसपछि उहाँले कसैलाई अटोग्राफ दिनु भएन । बरु उहाँ आफैले अमेरिका जाँदा एउटा नेपाली बालकको अटोग्राफ लिएको कुरा मलाई भन्नुभएको थियो ।

समयले आफ्नो बाटो तय गर्दै गयो । उहाँ वृद्ध अवस्थामा पुग्नुभएको मात्र होइन शारीरिक रुपमा पनि अस्वस्थ बन्नुभयो । उहाँको र मेरो भेट विस्तारै दुर्लभ बन्दै आयो । धेरै भएको थियो, उहाँसँग मेरो भेट नभएको । २०७६ को जाडोयाममा साइत जुर्‍यो । उहाँ शंखमूलको ध्यान केन्द्रमा बस्नुभएको थियो । मलाई त्यतै बोलाउनुभयो । म उक्त केन्द्रमा गएँ । उहाँ केन्द्रको चौरमा घाम तापेर बस्नुभएको थियो । उहाँमा शारीरिक सक्रियता र शारीरिक बल कमजोर हुँदै गएको बुझ्न मलाई कठिन भएन । त्यो उहाँको अवस्थाले नै देखाइरहेको थियो । यो भेटमा हाम्रो धेरै कुराकानी भएन । मैले फेरि पुस्तकको कुरा गरें तर यो पटक पनि पुस्तक लेख्न अनुमति मलाई दिनुभएन । त्यसपछि हाम्रो कहिल्यै भेट भएन, त्यो नै अन्तिम भेट भयो ।

विश्वव्यापी कोरोना महामारीको कारण गत चैत्र ११ गतेदेखि नेपाल लक डाउनको अवस्था थियो । सहज रुपमा घरबाट बाहिर निस्कन र कसैसँग भेटघाट गर्ने अवस्था थिएन । उहाँ अस्वस्थ भएर अस्पताल भर्ना हुनुभएको कुरा सामाजिक सञ्जाल र विभिन्न व्यक्तिहरूको फोन सम्पर्कबाट मलाई जानकारी प्राप्त भएको थियो तर समयको दास बन्न विवश म चाहेर पनि उहाँलाई भेट्न जान सकिनँ । गत असार १९ गते बिहान शुभरत्न शाक्य भाइले उहाँको निधनको खबर दिएपछि केही क्षणका लागि म नि:शब्द भएँ । हतारहतार उहाँका केही निकटहरूलाई फोन गरेर सोधेँ, सबैबाट मृत्युको खबर पुष्टि भयो । उहाँलाई भेटेर लामोसमय कुराकानी गर्ने मेरो रहर अधुरो रह्यो, जुन अब कहिल्यै पनि सम्भव छैन ।

उहाँको मृत्युपछि सामाजिक सञ्जाल, पत्रपत्रिका, रेडियो, टेलिभिजन र अन्य माध्यमबाट भावनात्मक शब्दको ओइरो लागेको छ । धेरैका आँखाबाट अश्रुधारा बगेका छन् र थेरवादी बुद्ध धर्ममा अपुरणीय क्षति पुगेको छ । यद्यपि उहाँले हामीलाई आफ्नो जीवन सार्थक तुल्याउन उज्यालो प्रैकाश छोडेर जानुभएको छ । उहाँको विचार र दृष्टिकोणबाट हामीलाई असिमित विकल्प भनेको उहाँको वियोगमा तड्पिएर रुमल्लिने समय होइन आदर्श, निष्ठा र त्यागको बाटो पच्छ्याएर हिड्ने बेला हो । यो नै उहाँप्रति सच्चा श्रद्धाञ्जली हो । म पनि उहाँले देखाएको मार्गमा लम्कने प्रतिबद्धताका साथ उहाँसँग मैले राखेका पाँच प्रश्नको उत्तर प्रस्तुत गर्दै कलम बिसाउँछु ।

**सरल शब्दमा तपाईले बुझेको बुद्ध धर्म कस्तो हो ?**

बुद्ध धर्म समग्र प्राणीहरूप्रति दया, माया, करुणई र सद्भाव राख्ने सबैको अस्तित्व स्वीकार गर्ने र सबैप्रति समानताको दृष्टि फाल्ने समतामूलक मानववादी धर्म हो । यसमा कुनै पनि प्रकारको बाध्यकारी नीति, नियम र सिमाना छैन । यो पूर्ण स्वतन्त्र र निर्भिक छ । ईश्वरको नाममा झुठलाई

पनि साँचो भन्नुपर्ने कुनै बाध्यता छैन । त्यसका कारणले कोही दण्डित हुनुपर्दैन, कसैले ज्यान गुमाउनु पर्दैन र कोही पनि डर, भय र त्रासमा रहनु पर्दैन । न त जोर जुलुम र जबरजस्तीको वातावरण यसमा छ । यसको मतलब यो पनि होइन कि यसले मूर्खतापूर्ण पाण्डित्य दर्शाइलाई प्रोत्साहन दिन्छ । मिथ्यावाद, मिथ्याधारणा, मिथ्या कल्पना, मिथ्या सिद्धान्तको अन्त गर्ने, बाटो बिराएकालाई बाटो देखाउने, अँध्यारोमा बत्ति बालिदिने, उल्टिएको बुद्धिलाई सुल्टो पारिदिने र अनुशासन नै बुद्ध र बुद्ध धर्म हो । प्रत्यक्ष कार्यान्वयन, प्रत्यक्ष दर्शन, सहानुभूति र साक्षात्कारलाई बुद्ध धर्मले बढीभन्दा बढी महत्त्व दिएको छ ।

### बुद्धलाई अरहत भनेर पनि सम्बोधन गरिन्छ । बुद्धलाई अरहत किन भनिएको हो ?

बुद्धधर्ममा बुद्ध गुण, धर्म गुण र संघ गुणलाई त्रिरत्न गुण भनिन्छ । बुद्ध गुणमा ९, धर्म गुणमा ६ र संघ गुणमा ९ गरी जम्मा २४ गुणहरू उल्लेख गरिएका छन् । यसरी उल्लेख गरिएका २४ गुणहरूमध्ये सर्वप्रथम उल्लेख गरिएको गुण अरहत हो । **'इतिपि सो भगवान अरहं सम्मासम्बद्धो'** अर्थात उहाँ भगवान अरहत सम्यक सम्बुद्ध भनेर सम्बोधन गरिएको छ । यसरी नै **'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'** अर्थात भगवान अरहत सम्यक सम्बुद्धलाई नमस्कार भनेर बुद्धलाई अरहतको संज्ञा दिइएको छ । पालि **साहित्यका अनुसार राग, द्वेष र मोहजस्ता सबै विकाररुपी कलेशहरू नास भएर पुनर्जन्मबाट मुक्त निर्वाण लाभको मार्गफल प्राप्त गरेकालाई अरहत भनिन्छ ।** उपरोक्त सबै प्रकारका कलेशहरूबाट मुक्त हुनुभएकाले भगवान बुद्धलाई अरहत भनिएको हो ।

### बुद्धको नजरमा जीवनको अन्तिम लक्ष्य के हो ?

बुद्धले निर्वाण प्राप्तिको अवस्थालाई जीवनको अन्तिम ध्येयको रुपमा संकेत गरेका छन् । अर्थात जीवनको सर्वोतम लक्ष्य वा उद्देश्य नै निर्वाणको साक्षात्कार गर्नु हो भनेका छन् । निर्वाण प्राप्तिको अवस्था भनेको त्यो अवस्था हो जतिबेला मानिस हरेक प्रकारको राग, द्वेष, मोह, क्रोध, घृणा र तृष्णाजस्ता कलुषित भावबाट अलग हुन्छ । निर्वाण प्राप्त भएपछि पुनर्जन्म हुँदैन । दु:खबाट पूर्ण रुपले छुटकारा पाउँछ । जन्म मरणको चक्रबाट मुक्त हुन्छ । त्यसरी निर्वाण प्राप्त भएका मानिसले जीवनमा शान्ति र आनन्द प्राप्त गर्छन् । सामान्य अर्थमा हेर्ने हो भने सबै मानिसले आ-आफ्नो जीवनमा चाहना गर्ने विषय भनेकै शान्ति र आनन्द हो ।

*(सम्यक सन्देशबाट साभार सं.)*

◆

प्रो. कृष्णभक्त लवजू मो.नं. ९८४१५६३४५९

हार्दिक शुभकामना

यही आउँदो नयाँ वर्ष २०७८ सालको उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग एवम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुको सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोतर प्रगातिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

विनायक फास्टफुड

कमलविनायक-१०, भक्तपुर

# पवित्र पावन लुम्बिनी र धम्मपद - एक चर्चा

✍ कृष्णकुमार प्रजापति, नगदेश बुद्ध विहार

शाक्यकुलीन जनपद कपिलबस्तु र कोलिय जनपद देवदहको साझा हक हिस्सा भएको पवित्र पावन लुम्बिनी शालोद्यान या शालोकाननको रूपमा प्रशिद्ध भएको सो स्थानमा आज भन्दा २६४४ वर्ष अघिको पुष्पपूर्णिमा (वैशाख पूर्णिमा)को दिनमा वोधिसत्व राजकुमार सिद्धार्थको जन्म माता महामायादेवीको गर्भबाट भएको थियो। महान व्यक्तित्व वोधिसत्व राजकुमार सिद्धार्थको जन्म दिई सातौं दिनमा परिनिर्वाण भई त्रायृश्तिश देवलोकमा देवपुत्र महामायादेवी भई प्रकट हुनुभएको थियो भनि पाली साहित्यमा , वाङ्गमयमा उल्लेख भएको पाईन्छ।

आजभन्दा २६४४ वर्ष अर्थात ई.पू. ६२३ को पुष्प पूर्णिमा शुक्रबार जन्मनु भएका उत्तम पुरुष वोधिसत्व राजकुमार सिद्धार्थ गौतमका कारण "लुम्बिनी कानन" या शालोद्यानले पवित्र पावन शुद्धभूमिको रुपमा प्रसिद्धि प्राप्त भएको थियो, जसले २९ वर्षको लक्का जवानीसम्म गृहस्थाराम रही बसी बैराग्यको फल पाकेपछि २९ वर्षको उमेरमा असार पूर्णिमाको राती गृह त्याग गरी "महाभिनिष्क्रमण" कार्य गरी ६ वर्षसम्म कठीन तपस्या पश्चात मध्यम मार्ग पहिल्याई ३५ वर्षको उमेरमा आजभन्दा २६०९ वर्ष अघिको वैशाख पूर्णिमाको दिनमा भारतको विहार राज्य अन्तर्गतको पवित्र पावन "बोधगया"मा बोधि ज्ञान हासिल गरी "सम्यक सम्बुद्ध" हुनु भयो। त्यहि पूर्णिमालाई वैशाख पूर्णिमा भन्नुभन्दा "बुद्ध पूर्णिमा"भन्नु नै सान्दर्भिक हुन पुग्यो।

शान्तिका महानायक तथागत गौतम बुद्धले आफू स्वयंले प्राप्त गर्नु भएको "बोधिज्ञान" सर्वप्रथम भारतकै मृगदायवन, सारनाथ, ऋषिपत्तनमा नेपालकै द्रोण ब्राम्हण कुलपुत्रहरू, जो पञ्चभद्रवर्गीयभित्र पर्नु हुने कोण्डण्य, भद्दिय, वप्प, महानाम र अश्वजीतलाई प्रथम धर्मचक्र प्रवर्तन सूत्र देशना गरी धर्मको चक्र चलाई असार पूर्णिमाको दिनमा "धर्मगुरु" शास्ता हुनु भएकोले सो पूर्णिमालाई "गुरु पुर्णिमा" भन्ने गरिन्थ्यो। तसर्थ लोकगुरु भगवान् शास्ताले धर्मचक्र प्रवर्तन सूत्र देशना गरी साँचो अर्थमा "गुरु" हुनु भएको, बन्नु भएको २६०९ वर्ष भैसक्यो, तत्पश्चात लोकगुरु भगवान् बुद्धले ४५ बर्षसम्म गाउँ, शहर, निगम, देश देशान्तर भई चौतर्फी धर्म प्रचार गर्नु भयो।

अठ्ठाईस सय वर्ष अघि नै "लुम्बिनी" नामाकरण भएको रमणीय पवित्र पावन शालोद्यानको गौरव गाथा विशिष्ठ खालको थियो नै। त्यस्तो स्थान, जहाँ नेपाल आमाका सन्तति, बोधिसत्व

सिद्धार्थ गौतमको जन्मथलो विविध कारणले सयौ वर्ष इतिहासको गर्भमा विलुप्त हुन पुग्यो ।

सन् १८९६ डिसेम्बर १ मा पाल्पा गौंडाको वडाहाकिम मजिष्ट्रेट खड्ग शमशेर जवराले शिकार खेल्ने दौरानमा त्यस स्थलमा उहाँको मित्र भारतका पूरातत्व क्षेत्रमा खटी आउनु भएका जर्मनी पुरातत्वविद् Antony A fuhrer को सहयोगमा पुनर्खोजी गर्दा "लुम्बिनी" पुन: पत्ता लागेको घोषणा गऱ्यो । तसर्थ प्रत्येक वर्षको डिसेम्बर (१ मा "लुम्बिनी पुनर्खोजी दिवस" को रूपमा संस्मरण गर्नु पर्ने पावन दिवस थियो ।

लोकगुरु भगवान् बुद्धले ४५ वर्षको जीवनकालमा विविध स्थानमा विविध षुद्गल व्यक्तित्वहरूलाई देशना गर्नु भएको धर्मलाई लिपिबद्ध रूपमा संग्रह गर्दा तीन टोकरी अर्थात "त्रीपिटक" (विनयपिटक, सूत्रपिटिक र अभिधम्म पिटकको रूपमा देखापरे । डिमाईज् साईजको पृष्ठमा भन्नुपर्दा दश हजार भन्दा बढी पृष्ठमा देखा पर्दछ । सूत्रपिटक अन्तर्गत रहेका "धम्मपद" अधिकांश भाषामा अनुदित भएको छ । सर्वाधिक लोकप्रिय भएको "धम्मपद" इ.पू. ६२३ को वैशाख पूर्णिमा/पुष्प पूर्णिमाको दिनमा जन्मनु भएका लोकगुरु भगवान् बुद्धले धर्मको बाटो या "पथ" देखाउने दृष्टिबाट सूत्रबद्ध रूपमा ४२३ वटा गाथाहरू प्रस्तुत गरी जीवन मुक्तिका मार्ग प्रशस्त गर्नु भएको थियो । त्यही "धम्मपद" थेरवाद बौद्ध दायक केन्द्रिय परिषद्ले श्रद्धेय अखिल नेपाल भिक्षु महासंघको सहमतिमा पवित्र पावन लुम्बिनीमा पाली, नेपाली र अंग्रेजीमा अनुदित गरी १८" X १८" को संगमरमरमा कुँदि सो संगमरमरका पाताहरू उपयुक्त स्थानमा राख्ने प्रबन्ध गरिएको छ, ताकी देश विदेशबाट आउनु हुने श्रद्धालु उपासक उपासिकाहरू एवं बौद्ध व्यक्तित्वहरूले अध्ययन अनुशरण गर्न सहज हुनेछ र सुअवसर प्राप्त हुनेछ । सार्वजनिक तवरले खुला स्थानमा प्रदर्शित गरेका धम्मपद गाथाहरू अध्ययन अनुशरण गरी आ-आफ्ना जीवनमा सार्थकता हासिल गर्न टेवा मिल्नेछ ।

अनित्य, दु:ख र अनात्म बुद्ध धर्मका मौलिक दर्शन हुन् । उक्त त्रिलक्षणयुक्त दर्शनलाई अनुशरण गरी प्रज्ञा, शील, समाधिको अन्तरमनले अभ्यास गरी जीवन सार्थक गर्न सहज हुनेछ । चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र प्रतित्य समुत्पादको ज्ञान हासिल गर्नमा पनि धम्मपद गाथाले निकै सघाउ पुऱ्याउँछ । त्रीपिटकको सारको रूपमा रहेको धम्मपद गाथाहरू पवित्र पावन लुम्बिनीमा व्यवस्था गर्दा स्वदेशी विदेशी तीर्थालुहरू, धर्मावलम्बीहरू र पर्यटकहरूले समेत निरीक्षण गरी अनुशरण गर्न सके त्यसको यशकीर्ति प्रथमत: थेरवाद बौद्ध दायक केन्द्रिय परिषद, काठमाण्डौलाई जान्छ । थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आह्वानप्रति श्रद्धा र आस्था जगाई आआफ्ना ञातीबन्धुहरू एवं स्वयंबाट आर्थिक सहयोग प्रदान गरी सम्पन्न भएको धम्मपद गाथा कुँदाउने कार्यले सिद्धि हाशिल गरेको ठहर्छ । अत: निवृत हुनु भएका श्रद्धालु उपासक उपासिकाहरूको सद्गति र निर्वाण हेतु कामना गरिन्छ भने अन्य श्रद्धालु महानुभावहरूको आयु आरोग्य र सुस्वास्थ्य एवं सुकीर्ति अभिवृद्धि होस् भन्ने समेत, कामना थेरवाद बौद्ध दायक केन्द्रिय परिषद गर्दछ । निब्बानस्स पच्चयो होतु ! सब्बं अनिच्चं ! भवतु सब्ब मङ्गलं !

◆

गतिविधि

# चैत्य जीर्णोद्धार सम्पन्न भएको उपलक्ष्यमा धन्यवाद ज्ञापन

भक्तपुर । मंसिर २० गते शनिबार मैत्रेय युवा सङ्घ तथा चैत्य सम्पदा संरक्षण समितिको संयुक्त आयोजनामा तालाक्व : दम्फोस्थित ऐतिहासिक चैत्य जीर्णोद्धार सम्पन्न भएको उपलक्ष्यमा धन्यवाद ज्ञापन कार्यक्रम भयो ।

श्रद्धेय भिक्षु क्षान्तिशोभन (दीपक भन्ते) ले पञ्चशील प्रदान तथा दीप प्रज्ज्वलन गरी सुरु भएको उक्त कार्यक्रममा चैत्य जीर्णोद्धार कमिटीका संयोजक मैत्रेय युवा सङ्घका संस्थापक अध्यक्ष तीर्थराज बज्राचार्यले स्थानीय सरकारले सम्पदा संरक्षण गर्नमा अहम् भूमिका निर्वाह गरेको बताउनुभयो ।

उहाँले चैत्य तथा बौद्ध सम्पदा संरक्षण गर्नमा भक्तपुर स्थानीय निकायले चासो राख्नुपर्नेमा जोड दिनुभयो । महामञ्जुश्री गुरु गुठी संस्थानका सचिव पद्मसुन्दर शाक्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा चैत्य जीर्णोद्धारका संयोजक तीर्थराज बज्राचार्यले कार्य समितिका पदाधिकारीहरू तथा श्रद्धेय क्षान्तिशोभन भन्तेले दाताहरूलाई खादा ओढाइ सम्मान गर्नुभएको थियो ।

बौद्ध अनुसन्धानकर्ता एवं पाटन बहुमुखी कलेजका बुद्ध धर्मसम्बन्धी व्याख्याता डा. जुनु बासुकलाले जीर्णोद्धार गरिएको चैत्य लिच्छवीकालीन भएको र १००० वर्षभन्दा पुरानो रहेको अनुमान गर्नुभयो ।

नेपाल सरकारसँग कार्बन डेटिङ्को उपकरण नभएको कारण अनुसन्धान गर्न कठिन भएको विडम्बना पोख्दै उहाँले सम्पदा संरक्षणमा नियमित सरसफाइ गर्नुपर्ने, अबिर, मिठाइ चढाउँदा स्वरुप बिग्रने हुँदा सचेत हुनुपर्छ भन्नुभयो । संचित बुद्धाचार्यले जीर्णोद्धार कार्यको आय-व्यय प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा श्रद्धेय क्षान्तिशोभन भन्तेले चैत्यको महत्त्वबारे धर्मोपदेश दिनुभएको थियो । सभापति पद्मसुन्दर शाक्यले आफ्नो संयोजकत्वमा महामञ्जुश्री स्थानमा भइरहेको सम्पदा संरक्षण, फूलबारी निर्माण तथा व्यवस्थापन कार्यको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

तीर्थराज बज्राचार्यको संयोजकत्वमा गठन भएको उक्त चैत्य जीर्णोद्धार कार्यसमितिमा सदस्यहरू पद्मसुन्दर शाक्य, संचित बुद्धाचार्य, तेजरत्न बज्राचार्य, प्रेमशोभा बज्राचार्य, प्रविना शाक्य र राजेन्द्र प्रजापति रहनुभएको छ ।

उक्त चैत्य जीर्णोद्धार कार्य कार्तिक १९ गतेबाट सुरु भई कार्तिक २५ गते भएको थियो । ◆

# बौद्ध परियत्ति वक्तृत्वकला प्रतियोगिता सम्पन्न

भक्तपुर १७, माघ । मैत्रेय युवा सङ्घको आयोजनामा मैत्रेय परियत्ति अक्षयकोषको ब्याजबाट परियत्ति अध्ययनरत विद्यार्थीहरूको व्यक्तित्व विकास गर्ने उद्देश्यले आन्तरिक बौद्ध वक्तृत्वकला प्रतियोगिता थथुबहीमा भयो ।

मैत्रेय परियत्ति केन्द्रका केन्द्राध्यक्ष तीर्थराज बज्राचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा श्रद्धेय अर्जुन भन्तेले पञ्चशील प्रदान गर्नुभएको थियो भने सङ्घका सचिव संचित बुद्धाचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । मुनिविहारबाट एकजना श्रामणेर र एकजना गुरुमा गरी ११ जना प्रतिस्पर्धी रहेको कार्यक्रममा अक्षयकोषका दाताहरू न्हुछेकुमार लासिवा र दानशोभा शाक्यले नगद पुरस्कार प्रदान गर्नुभयो ।

प्रमुख अतिथि अर्जुन भन्तेले प्रमाणपत्र तथा पुरस्कार वितरण गर्नुभएको थियो । अतिथि श्रद्धेय अर्जुन भन्तेले स्कूलको शिक्षाबाहेक विद्यार्थीहरूले घरमा आमाबुबालाई घरायसी काममा सघाउनुपर्नेमा जोड दिँदै व्यावहारिक शिक्षा कम हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

केन्द्राध्यक्ष तीर्थराज बज्राचार्यले अक्षयकोषका दाता न्हुछेकुमार लासिवा र निर्णायकहरू भिक्षु अर्जुन, लक्ष्मीचन्द्र बज्राचार्य र विद्या शाक्यलाई धर्मोपहार प्रदान गर्नुभएको कार्यक्रममा दाता लासिवाले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । प्रमिला धुख्वाले कार्यक्रम सञ्चालन गरेको उक्त कार्यक्रममा सङ्घका सदस्य गंगा गोसाईले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रममा भाग लिनुहुने वक्ता तथा विषयहरू यसप्रकार छन् -

१) प्रज्वल धुख्वा - असेवना च बालान . प्रथम
२) जेनिशा श्रेष्ठ - सप्त सत्पुरुष धन . द्वितीय
३) रञ्जु तामाङ्ग - सव्बे सत्ता कम्मस्सका . तृतीय
४) मेघना श्रेष्ठ - चैत्यको महत्त्व . सहभागी
५) लुनिभा चित्रकार - ६ दिशा नमस्कार . सहभागी
६) प्रज्ञा दोङ्ग - चतुआर्य सत्य . सहभागी
७) सपुत लामा - दश कुशलाकुशल . सहभागी
८) कुश बज्राचार्य - चतु परिषद . सहभागी
९) अनिशा खड्का - मातापिताको सेवा . सहभागी
१०) श्रामणेर ललित - मङ्गल सूत्र . सहभागी
११) अ. प्रतिमा - मनुष्य भाव दुर्लभ . सहभागी

◆

गतिविधि

# मैत्रेय युवा सङ्घको वार्षिक उत्सव कार्यक्रम

भक्तपुर । मैत्रेय युवा सङ्घको २४ औं स्थापना दिवसको उपलक्ष्यमा वार्षिक उत्सव कार्यक्रम थथुबही जयकीर्ति महाविहारमा सम्पन्न भयो । सङ्घका नवनियुक्त अध्यक्ष लक्ष्मीचन्द्र बज्राचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका बोर्ड सदस्य एवं सूर्योदय बुद्ध विहार धरानका विहार प्रमुख श्रद्धेय भिक्षु मेघंकरले पञ्चशील प्रदान गर्नुका साथै दीप प्रज्ज्वलन गरी कार्यक्रम उद्घाटन गर्नुभएको थियो ।

सङ्घका उपाध्यक्ष तीर्थराज बज्राचार्यले परियत्ति शिक्षालाई जनमानसमा पुऱ्याउनुपर्ने विषयमा जोड दिनुभयो । कार्यक्रममा बौद्ध सङ्घ भक्तपुरका संस्थापक अध्यक्ष सङ्घरत्न शाक्यले शील पालन गर्नुको महत्त्वबारे चर्चा गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

बौद्ध सङ्घका वर्तमान अध्यक्ष त्रिरत्न शाक्यले शिक्षालाई व्यावहारिकरूपमा पालना गर्न नसके त्यसको महत्त्व नहुने बताउनुभयो ।

मुनिविहार व्यवस्थापन समितिका सदस्य पुष्परत्न बज्राचार्यले इलामको माङ्सेबुङमा निर्माणधीन सर्वशान्ति बुद्ध विहारको गतिविधिबारे प्रकाश पार्दै भौतिक सहयोगका लागि आह्वान गर्नुभयो । प्रमुख अतिथि मेघंकर भन्तेले आफूले थाइलैन्डबाट आफ्नो गुरुबाट पाएको भगवान बुद्धको अस्थिधातुका कारण विहार निर्माण गर्ने प्रेरणा मिलेको र आफ्नो नेतृत्वमा धरानको भेडेटारमा बन्न लागेको सूर्योदय बुद्ध विहार तथा १७५ फीटको बुद्धमूर्ति निर्माणसम्बन्धी गतिविधिहरूको जानकारी दिनुभयो ।

सङ्घका सदस्य गंगा गोसाईले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा सङ्घले दान सङ्कलन कार्यमा सहयोग गर्ने र सङ्कलित रकम पछि हस्तान्तरण गर्ने प्रतिबद्धता पनि जनाउनुभयो । मुनिविहारबाट रु.४५५०।- सङ्घलाई प्राप्त भएको उहाँले जानकारी दिनुभयो । उक्त कार्यक्रममा सङ्घका सचिव संचित बुद्धाचार्यले पनि बोल्नुभएको थियो ।

लक्ष्मीचन्द्र बज्राचार्यको अध्यक्षतामा गठन भएको नयाँ कार्य समितिमा तीर्थराज बुद्धाचार्य उपाध्यक्ष, संचित बुद्धाचार्य सचिव, मेघना श्रेष्ठ सह-सचिव, प्रमिला धुख्वा कोषाध्यक्ष तथा सदस्यहरूमा माइला दोङ्ग, गंगा गोसाई, लुनिभा चित्रकार, सपुत घिसिङ्ग, सत्यलक्ष्मी रंजित रहनुभएको छ । जमुना गोसाई सल्लाहकारमा चयन हुनुभएको छ ।

◆

# कसको निम्ति कम्फर्टेबल सरकार ?

✍ सुजखू

संसारमा दुःख छ, दुःखको कारण छ र दुःखबाट मुक्ति पाउन सकिन्छ। शिद्धार्थ गौतम बुद्धका यी उपदेशहरू नेपालको हालको सन्दर्भमा घोत्लिँदा समय सापेक्ष देखिन्छ।

आजभोलि आफूलाई ठूला शक्तिशाली भनिने दलका नेताहरू जनताको सेवा हितभन्दा सत्ता र पदको होडबाजीमा लागेको छ। जनताको सेवा गर्ने नाउँमा शिद्धान्त विचार छोडेर सत्तामा जाने दलहरूले राजनीतिमा अस्वस्थ प्रतिस्पर्धा गरेकै कारण देशमा राजनैतिक अस्थिरता कायम भएको छ। यही हाम्रो दुःखको कारण बनेको छ। सत्ताको तृष्णा नै दुःखको मूल कारण हो। शासक दलका नेताहरूको पदलोलुप चरित्र जतिसुकै ढाँकछोप गर्न खोजेपनि उदाङ्गो भई सकेको छ। सत्ताको लागि देशको जस्तोसुकै खालको घात गर्न उनीहरू तयार भएका छन्। शासक दलहरूको यस्तो कमजोर अवस्थाको फाइदा उठाउँदै छिमेकी देश भारतले नेपाली भूमिमा आफ्नो विस्तारवादी सोच अनुरुप विभिन्न तवरले आक्रमण गर्दै आएको छ।

देशमा नितान्त तरल राजनैतिक अवस्था सृजना भएको यही अवसरमा धमिलो पानीमा माछा मार्ने प्रवृत्तीहरू बढ्दै गएको सबैले महशूस गरेकै हो। संसद विघटन र पुनः स्थापनामा माओवादी र एमाले पार्टी भित्रको झगडा अहिले आएर निरर्थक सावित भएको छ। उनीहरूको अन्तरकलहहरूबाट देशले केही नपाएको मात्रै होइन देशका महत्त्वपूर्ण विषयहरूमा छलफल गरिनु पर्ने संसद जस्तो सार्वभौम थलो भूमिकाहीन बनेको छ। शासक दलहरूको आफ्नो स्वार्थका कारण राष्ट्रलाई नै बन्धक बनाइएको अवस्था छ। बरु निर्वाचनमै गएको भए शासक पार्टीहरूले लुकाएका तथ्यहरू जनताबीच सार्वजनिक हुन्थे। जनताको चेतनास्तरलाई उकास्ने त्यो एउटा शसक्त माध्यम बन्ने थियो।

पार्टीहरू फुटाउने र अर्कोमा विलय गराउनमै गर्व राख्ने पुष्पकमल दाहाल उर्फ प्रचण्ड भारतलाई कन्फर्टेबल सरकार बनाउने घोषणा नै गर्न पुग्छ। भारतीय गृह मन्त्रीले नेपाल र श्रीलंकामा भाजपा समर्थित सरकार बनाउने जुन उद्घोष गऱ्यो त्यो काकताली मात्रै नहुन सक्छ। कालापानी, लिपुलेक र लिम्पियाधुरासम्मको नेपाली भूमिमा नेपालले कहिल्यै दावी नगर्ने र एमसीसी सम्झौता

पारित गर्ने शर्तमा भारतको संलग्नतामा प्रतिनिधि सभा पुन: स्थापना गराइएको सम्बन्धमा प्रतिनिधि सभाको बैठकमा पनि चर्चा भएकै हो । माथिदेखि तलसम्म भारतको योजना नेपालमा जस्ले लागू गर्न चाहन्छ उसैलाई सरकारमा ल्याउने भारतीय सोच अनुरुप नै प्र.म.बदल्नु पर्ने, नेपालीलाई भन्दा भारतीयलाई खुशी पार्ने प्रचण्डले खोई बुझेको नेपालको सार्वभौमिकता र अखण्डता ?

कोरोनाको कहर वर्ष दिन पछि तङ्ग्रिनै लाग्दा फेरी त्यसको दोस्रो लहरले नेपाललाई पनि पछ्याउँदै छ । अत्याधिक सङ्क्रमित भएको भारत सित सिमा नियन्त्रणको कुनै गुञ्जाइस छैन । समस्या अझ विकराल भएर आएका छन् । मुलुकले कुनै अपेक्षित गति लिन सकेन । 'कम्युनिष्ट' को दुईतिहाइको सरकार हुँदा पनि जनताका दु:ख किञ्चित कम भएनन् । २००७ सालदेखि २०६४ को राजनैतिक परिर्वतनसम्म पनि गरिब जनताको जनजीवनमा कुनै आमूल परिवर्तन आउन नसक्नु राजनैतिक क्रान्ति सँगसँगै आर्थिक समानताको निम्ति आन्दोलन नभएकैले हो भन्न हिच्किचाउनु पर्दैन । त्यसकारण देश र जनतालाई घात गर्ने शोषक र अपराधिक सिमित वर्गका विरुद्ध बहुजन हितायको बुद्ध नीतिलाई व्यवहारमा उतार्न वैज्ञानिक समाजवादकै निम्ति सोच्ने बेला भएन र ?

१४ चैत, २०७७

◆

# कुशल धर्म:

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।

२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।

३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।

४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।

५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।

६) अरुको सेवा (परोपकार) गर्नु ।

७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।

८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु ।


९) सत्य, यथार्थको खोजमा लाग्नु ।

१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

*साभार : बुद्ध र उहाँको धर्म*

प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२९५९

प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६२


अडर अनुसार झ्याल, सँझ्याल, बुट्टादार ढोका तथा विभिन्न थरिका काठबाट बनेका सामानहरू आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

DATTATRAYA WOOD CARVING CENTRE
Tachapal-3, Bhaktapur, Ph: 6617048

# हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण शान्तिप्रेमी दाजुभाइ तथा दिदीबहिनीहरूमा सु-स्वास्थ्य, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ।

साथै

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकको बार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकवृन्दहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै

निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।


**बौद्ध दर्शन अध्ययन समाज**

भक्तपुर

*Email: arhattraimasikbgmail.com*

# हार्दिक मङ्गलमय शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा समस्त ईँटा व्यवसायी, शुभचिन्तक, नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सु-स्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
नातिभाइ ह्योम्बा

## भक्तपुर ईँटा उद्योग व्यवसायी संघ
लिवाली-८ भक्तपुर

# हार्दिक मङ्गलमय शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सु-स्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

## भक्तपुर ट्रक व्यवसायी संघ
लिवाली-८ भक्तपुर

प्रो. रामप्रसाद किसी — मो. ९८५१०४४३७३

# हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सु-स्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।





## माटो चाहिएमा सम्झनुहोला ।

- डी.पी.सी. तथा जग्गा पूर्न र ईँटा भट्टाको लागि माटो चाहिएमा सम्झनुहोस् ।
- निर्माण सामग्री र निर्माण साधनको लागि सम्पर्क गर्नुहोला ।